जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन। परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैंबाट गर्नुपर्दछ। परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष २५ • अंक ८२ • २०७९ साल साउन २५ गते बुधबार (10 August, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-


पाँच दलीय गठबन्धन प्रति दलहरुको आकर्षण

# गठबन्धनका दलहरु आ–आफ्नै स्वार्थमा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र जनमोर्चा नेपाल आबद्ध पाँच दलीय गठबन्धनमा अन्य दलहरु पनि आबद्ध हुन आतुर देखिएका छन् । मंगलवार प्रधानमन्त्री संग भेटेर नेपाल समाजवादी पार्टीका अध्यक्षद्वय डा. बाबुराम भट्टराई र महेन्द्र यादवले भेटेर पाँच दलीय गठबन्धनमा सहभागी गराउन प्रस्ताव गरेका छन् र प्रधानमन्त्रीले पनि सकारात्मक जवाफ फर्काएका छन् ।

मंगलवार प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटघाटमा अध्यक्षद्वय भट्टराई र यादवले गठबन्धनमा आफूहरुलाई पनि स्थान दिनुपर्ने प्रस्ताव गरेका थिए । जवाफमा प्रधानमन्त्री देउवाले यस विषयमा अन्य दल संग छलफल गर्ने तर सकारात्मक छलफल भएको छ । 'मैले पनि गठबन्धनमा तपाईंहरुलाई पनि सहभागी गराउनुपर्छ भनेर सोचिरहेको थिएँ,' देउवाले भेटमा भने, 'म सकारात्मक छु । एकपटक गठबन्धनका अन्य दलहरुसँग यस विषयमा सल्लाह गरेर खबर गर्छु ।'

सत्तारुढ पाँच दलीय गठबन्धनभित्रको एक दल जनता समाजवादी पार्टी छाडेर भट्टराई र यादवले नेपाल समाजवादी पार्टी गठन गरेका छन् । भट्टराई र यादवको दलले सत्तारुढ गठबन्धनमा रहन्छन् वा अन्य विकल्प खोज्छन् भन्ने चासो छ । भेटमा भट्टराईले अहिलेको सत्तारुढ गठबन्धन निर्माण गर्न आफ्नो पनि भूमिका रहेकाले त्यसमा हक लाग्ने बताएका थिए । 'यो गठबन्धन बनाउन हाम्रो पनि ठूलो भूमिका छ त्यसकारण यो गठबन्धनमा हाम्रो पनि हकदाबी लाग्छ ।'

यता, जनता समाजवादी पार्टीवाट अलग भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि गठबन्धनको निर्णयको पर्खाइमा बसेका छन् । गठबन्धनमा जाने सम्बन्धमा लोसपाले मंगलवार छलफल गरेको छ । छलफल पछि लोसपाका सांसद राजेन्द्र महतोले पार्टी सरकारमा सहभागी बन्ने वा नबन्ने भन्ने विषयको चाँडै टुंगो लाग्ने बताएका छन् । मंगलवार संसदबाहिर सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका छन् ।

सांसद महतोले सरकारमा मन्त्री बन्ने कुरा र आगामी निर्वाचनको लागि गठबन्धन गर्ने कुरामा छलफल भइरहेको बताए । उनले छलफल सकारात्मक रहेको र अबको केही दिनमा नै टुंगो लाग्ने बताए । उनले जसपासँग सँगै बसेर काम गरिसकेकाले सरकारमा सँगै बस्नको लागि कुनै कठिन नरहेको बताए ।

उनले भने, 'हामी चुनावको तयारीमा लागिसकेका छौं । गठबन्धनको सवाल पनि उठिरहेको छ । तर अहिले ५ दलीय जुन गठबन्धन हो त्यो गठबन्धनको तर्फबाट आमन्त्रण आइरहेको छ । कुरा पनि भइरहेको छ । चाँडै यो विषयमा हामी टुंगोमा पुग्नेछौं । छैटौं दलको रुपमा गठबन्धनमा जाने हो वा होइन चाँडै हामी टुंगोमा पुग्छौं । जसपा र हामी एउटै सरकारमा बसेर जान केही गाह्रो छैन । सरकारको कुरा पनि भइरहेको छ ।' उनले नागरिकता मुद्दाको विषयको सवालमा नै सरकारलाई सहयोग गर्न लागेको बताए ।

> **नेकपा एमाले विरुद्ध गठन गरिएको पाँच दलीय गठबन्धन प्रति अन्य दलहरुको झुकावले एमालेलाई नोक्सान हुन सक्ने संकेत देखिए पनि गठबन्धनमा सीट बाँडफाँटले किचलो बढ्ने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।**

नेकपा एमाले विरुद्ध गठन गरिएको पाँच दलीय गठबन्धन प्रति अन्य दलहरुको झुकावले एमालेलाई नोक्सान हुन सक्ने संकेत देखिए पनि गठबन्धनमा सीट बाँडफाँटले किचलो बढ्ने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

चुनावमा गठबन्धन गरेर अन्य दलसँग प्रतिस्पर्धा गर्ने सहमति गरेका नेताहरूले चुनावबाट आफ्नो दलको शक्ति बढाउन अलग-अलग रणनीति अपनाएका छन् । चुनावमा गठबन्धन गर्ने निर्णय भए पनि दलहरूको आ-आफ्नै स्वार्थले सिट बाँडफाँट निकै सकसपूर्ण बनेको छ । विशेषगरी गठबन्धनका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको सत्ता केन्द्रित स्वार्थका कारण सिट बाँडफाँटको काम थप पेचिलो बन्ने देखिएको छ ।

०७४ मा एमालेसँग वाम गठबन्धन गरेर प्रतिनिधिसभामा तेस्रो दल बनेको नेकपा माओवादी केन्द्र अहिले कांग्रेससँग गठबन्धन बनाएर दोस्रो दल, नभए पनि सरकार निर्माणको साँचो आफ्नो हातमा लिने दाउमा छ । तर, स्थानीय तह निर्वाचनमा पहिलो दल बनेको गठबन्धनको ठूलो दल नेपाली कांग्रेस भने माओवादीसहित अन्य दलको सहयोगमा चुनावपछि सकेसम्म एकल बहुमतको सरकार, नभए कम्तीमा पनि सरकार निर्माणमा माओवादी केन्द्रसँगको निर्भरता तोड्ने रणनीतिमा अघि बढिरहेको छ ।






# बीजेपी संगको सहकार्य तोड्दै, आठौ पटक मुख्यमन्त्रीको रुपमा सपथ लिदैं नीतीश

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको बिहार राज्यमा जनता दल युनाइटेड(जदयू) ले भारतीय जनता पार्टीसँगको सत्ता सहकार्य तोडेको छ ।

बिहारका मुख्यमन्त्री नीतीश कुमारले नयाँ गठबन्धन निर्माणका लागि भाजपासँगको सहकार्य तोडेका छन् । उनले पटनास्थित राजभवन पुगेर राज्यपाल फागु चौहानलाई राजिनामा बुझाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । भाजपासँगको सहकार्य तोड्दै नीतीशले राष्ट्रिय जनता दल(राजद), भारतीय राष्ट्रिय कांग्रेस र वाम दलहरूको समर्थनमा सरकार बनाउने बताइएको छ ।

पटक-पटक सरकार बनाउनका लागि गठबन्धन फेरि रहने नीतीश राजदको समर्थनमा पुनः मुख्यमन्त्री बन्ने छन् । उनले भारतीय इतिहासमै सबैभन्दा बढी ८ पटक मुख्यमन्त्रीका रूपमा सपथ लिनेछन् । उनी यस्तो मुख्यमन्त्री हुन् जसको पार्टीले कहिल्यै पूर्ण बहुमत ल्याएको छैन तर पनि १५ वर्षदेखि बिहारको मुख्यमन्त्री छन् ।

नीतीशले राजिनामा बुझाएपछि पत्रकारहरूसँगको कुराकानीमा सबै सांसदहरूबीच बीजेपी नेतृत्वको गठबन्धन नेसनल डेमोक्रेटिक अलायन्स (एनडीए) छाड्ने सहमति भएको बताएका छन् । बिहारमा नयाँ सरकार गठन गर्नका लागि कांग्रेस र वामपन्थी दलले राजदका नेता तेजस्वी यादवलाई समर्थन पत्र बुझाइसकेका छन् ।

पूर्वमुख्यमन्त्री लालु यादवका छोरासमेत रहेका तेजस्वीले गृह मन्त्रालय र सभामुख आफूहरूले पाउनुपर्ने माग अगाडि सारेका छन् । तेजस्वी यसअघि पनि नीतीश नेतृत्वको सरकारमा उपमुख्यमन्त्री बनिसकेका छन् । यसअघि २०१५ मा जदयू, राजद, कांग्रेस र वामपन्थी दल महागठबन्धन बनाएर भाजपाविरुद्ध चुनाव लडेका थिए । उनीहरूले सरकार बनाए पनि बीचमै नीतीशले गठबन्धन तोड्दै भाजपासँग सहकार्य गरेका थिए । २०१७ मा उनी एनडीए गठबन्धनमा गएका थिए ।

# कोरोना संक्रमितको संख्या बढ्दै

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा एकै दिन १ हजार ९० संक्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार ६ हजार ३ सय नमुना परीक्षणमा १ हजार ९० मा संक्रमण पुष्टि भएको हो ।

त्यस अवधिमा २ हजार ९ सय ५८ पीसीआर परीक्षणमा ५ सय ६० र ३ हजार ३ सय ४३ एन्टिजेन परीक्षणमा ५ सय ३० जना संक्रमित फेला परेका छन् । भारतमा दैनिक १० हजार भन्दा बढीको संख्यामा बढ्दै गएका कारण नेपाल र भारत वीच रहेको खुल्ला सीमानाका र सहज आवतजावतले समेत नेपाल कोरोना महामारीको उच्च जोखिममा रहेको छ ।

२४ घण्टामा ४ सय ३८ निको र २ जनाको मृत्यु भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । मंगलबारसम्म सक्रिय संक्रमितको संख्या ५ हजार ८ सय ६ पुगेको छ । २४ घण्टामा १ लाख ७१ हजार ८३७ जनाले खोप लगाएका छन् ।







# डायलाईसिस मेसिन प्रादेशिक अस्पताल जनकपुरले जडान गर्न सकेन

**टुडे समाचारदाता**

जनकपुरधाम। डायालाईसिस मेसिनको अभावमा विरामी घर फर्किन वाध्य भइरहेको बेला संघीय सरकारले प्रादेशिक अस्पताललाई दिएको ३ थान डायालाईसिस मेसिन अस्पतालले अहिले सम्म जडान गर्न सकेको छैन।

संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रादेशिक अस्पताल जनकपुरसहित विभिन्न अस्पतालहरुलाई श्रावण १० गते नै उक्त मेसिन उपलब्ध गराएको थियो। तर प्रादेशिक अस्पतालले आफूहरु कहाँ तीन दिन अघि मात्रै डायलाईसिस पुगेको जनाएको छ। तीन दिन अघि मात्रै मेसिन हामी कहाँ पुगेको हो,प्रादेशिक अस्पतालका स्टोर इन्चार्ज भैरव राउतले भने,‘ ठाउँको अभावमा जडान अहिले सम्म हुन सकेको छैन्। अन्य कोठामा जडान गर्न व्यवस्थापन भइरहेको छ।’ दुई सप्ताह भित्रै मेसिन जडान भइ संचालनमा आउने उनले बताए।

जनकपुरधाममा प्रादेशिक अस्पताल जनकपुर र जानकी हेल्थ केयर एण्ड शिक्षण अस्पतालले उक्त सेवा दिदै आएको छ। जनकपुरधाममा धनुषा, महोत्तरी, सर्लाही,सिरहा, सप्तरी, सिन्धुली, रौतहट सम्मको विरामी डायलाईसिसका लागि आउने गरेको कर्मचारीहरु बताउछन्।

प्रादेशिक अस्पतालमा २०६१ सालदेखि डायलाईसिस सेवा सुरु भएको छ। अहिले सम्मप्रदेश अस्पतालमा ५ सय १४ जना विरामी दर्ता छ ४५ जनाले नियमित सेवा लिदै आएका छन्। दैनिक १५ जनाको डायलाईसिस गर्दै आएको प्रादेशिक अस्पतालमा अहिले पनि १ सय विरामी उपचारको लागि प्रतीक्षामा छन्। प्रादेशिक अस्पतालमा अहिले ५ वटा मेसिनमात्रै रहेको छ। एक वर्ष अघि १० वटा मेसिन रहेको थियो, डायलाईसिस विभागमा इन्चार्ज रानीझाले भनिन्,‘ तर गत मंसिरदेखि ती मेसिनहरु बिग्रेकोले अहिले प्रदेश सरकारले दिएको ५ वटा मेसिनले नियमित सेवा दिदै आएको छु।’

विरामीको चापउच्च छ, तर सीमित श्रोत साधन भएकोले सबैलाई सेवादिन सक्ने अवस्था छैन, उनले भनिन्,‘ सरकारले १२ घण्टा सेवा दिन गाईडलाईन दिएको छ। तर आफूहरु १४/१५ घण्टा सम्म सेवा दिइरहदाँ पनि सकिने अवस्था छैन। एउटा विरामीलाई डायलाईसिस गर्न कम्तीमा ४ घण्टा लाग्छ। ५ वटा मेसिनमा तीन सिप्ट काम गर्दा पनि विरामीको चापउच्च रहेको छ।’

# शान्ति सुरक्षाको विषयमा छलफल



**टुडे समाचारदाता**

कलैया। जिल्ला प्रहरी कार्यालय बाराका प्रमुखको रुपमा कार्यभार सम्हालेका प्रहरी उपरीक्षक होबेन्द्र बोगटीले जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रका सञ्चारकर्मी र उद्योगी ब्यवसायीहरुसँग शान्ति ,सुरक्षाको स्थितिकोबारेमाछलफलगरेकाछन्। कार्यक्रममाप्रहरीउपरीक्षकबोगटीले पत्रकारहरुसँग पत्रकारिताको क्रममा देखा परेको समस्या र वस्तु स्थितिको बिषयमा जानकारी पनि लिएका थिए।

पत्रकारहरुलाई प्रहरी उपरीक्षक बोगटीले आफू विभिन्न ठाउँमा बसेर प्रहरी प्रबक्ताको जिम्मेवारी निर्वाह गरिसकेकाले पत्रकारहरुलाई सहजै सूचना पाउने बातारण मिलाउने सिलसिलामा प्रतिवद्ध रहेको बताए।

# कलैया उपमहानगरपालिकालाई भ्रष्टाचार मुक्त बनाउन्छु : नगरप्रमुख साह



**टुडे समाचारदाता**

कलैया। कलैया उपमहानगरपालिकाका नगरप्रमुख बिनोदसाहलेउपमहानगरपालिकालाई भ्रष्टाचार मुक्त बनाउनका लागि कुनै कसर बाकी नराख्ने प्रतिवद्धता ब्यक्त गरेका छन्।

मंगलवार पत्रकारहरुसंग कुराकानी गर्दै उपमहानगरपालिकामा आफू भ्रष्टाचार गर्दैन र अरुलाई पनि गर्न दिन्नौ बताए। शिक्षा, स्वास्थ्य, कृषि मेरा पहिलो प्राथमिकता रहेको प्रष्ट पार्दै नगरप्रमुख साहले कार्यालयमा रहेको बेथिती अन्त्य गर्ने दिशामा अग्रसर भई अगाडि बढीरहेको उनले बताए।

जेठ १२ गते सपथ लिएर २५ गते देखि नगरपालिकामा कामको शुरुवात गरेको बताउदै नगरमा सरसफाई, शिक्षाको बेतिथीलाई अन्त्य गर्नका लागि आफूले पहिलो बिद्यालयबाट छड्के अनुगमनको कार्य थालनी गरेको प्रष्ट पारे।

त्यति मटियर्वा सडकखण्डको मुआब्जा फ्रिज भएको रकम पहल गरी फिर्ता मगाउने काम समेत गरेको जानकारी दिए। भरतचोकमा सुलभ शौचालयको निर्माण गर्ने, बजारलाई व्यवस्थित गर्ने, ट्राफिक व्यवस्थापन गर्ने,नालामा जम्ने गरेको पानीलाई व्यवस्थित गरी पानीको निकास निकाल्ने जस्ता महत्वपूर्ण कामहरु गर्ने सोच रहेको उनले जानकारी दिए।

# २९ हजार २ सय ५१ जनालाई नागरिकता वितरण




**टुडे समाचारदाता**

कलैया। गत आर्थिक बर्षमा २९ हजार २ सय ५१ जनालाई नया नागरिकता वितरण गरिएको छ। २०७८ साल देखि २०७९ असार सम्ममा जिल्ला प्रशासन कार्यालय बारा ,इलाका प्रशासन कार्यालय सिमरा ,ईलाका प्रशासन कार्यालय सिम्रौनगढ र ईलाका प्रशासन कार्यालय कोल्हबीबाट २९ हजार २ सय ५१ जनालाई नागरिकता बितरण गरिएको छ। गत आर्थिक बर्षमा जिल्ला प्रशासन कार्यालय बाराले बंशज नागरिकता १७ हजार ९ सय ४२ जनालाई ,बैवाहिक अङ्गीकृत १ हजार ७ सय ५९ जनालाई, अङ्गीकृत सात जनालाई वितरण गरेको छ।

त्यस्तै इलाका प्रशासन कार्यालय सिमराले वंशज नागरिकता ५ हजार ९ सय जनालाई र बैवाहिक अङ्गीकृत नागरिकता २ सय ३४ जनालाई वितरण गरेको छ। सिम्रौनगढ नगरपालिकाले बंशज नागरिकता ३ हजार १ सय १५ जनालाई र बैवाहिक अङ्गीकृत नागरिकता ५ सय ९३ जनालाई बितरण गरेको छ। कोल्हबी नगरपालिकाले बंशज नागरिकता २ हजार २ सय ९४ लाई र बैवाहिक अङ्गीकृत नागरिकता १५ जनालाई बितरण गरेको जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ। बारामा १५ हजार ५३ वटा प्रतिलिपी नागरिकता बितरण गरिएको छ।

# बोक्सीको आरोपमा एकल महिलामाथि कुटपिट



**अजमल मिकरानी**

मलंगवा। सर्लाहीमा बोक्सीको आरोप लगाएर एकल महिलामाथि कुटपिट भएको छ। जिल्लाको बलरा नगरपालिका वडा न-१० सुदामाकी ३६ वर्षीया रिता देवी ठाकुरमाथि कुटपिट भएको हो।

आइतवार सुदामा बस्ने भोला भण्डारीका छोरा चुनचुन भण्डारी र भोलाकै अर्का छोरा संजय भण्डारी घरमा आएर आफूलाई गालीगलौज गर्दै निर्घात रुपमा लछारपछार गर्दै कुटपिट गरेको र सो घटनाको बारेमा जानकारी गराइ शान्ति सुरक्षाको लागि इलाका प्रहरी कार्यालय गडहिया डुमरियामा उजुरी गर्दा बिपक्षीहरुले थाहा पाई पुनः सोही राती ७ बजे चुनचुन र संजय सोही ठाउँ बस्ने बासदेव भण्डारी र भागरिथ भण्डारीको छोरा राकेश भण्डारीको साथमा मेरो आगनमा आएर हुलहुज्जत गरी निर्घात रुपमा कुटपिट गरेको पीडित रिता देवीले बताइन।

उनीहरुले आफूलाई मलमुत्र समेत खुवाउने प्रयास गर्दा छुट्टाउन आउने छिमेकी र बालबालिकाहरुलाई समेत उनीहरूले कुटपिट गरेको रिताले रुँदै बताएकी छन्। बोक्सीको आरोपमा कुटपिट गरिएकी रिताको प्रादेशिक अस्पताल मलंगवामा उपचार गरिएको छ। उनले कुटपिटमा संलग्न चारैजनालाई बिपक्षी बनाएर मंगलबार छिमेकीहरुको सहयोगमा मलंगवा स्थित जिल्ला प्रहरी कार्यालय सर्लाहीमा निवेदन दर्ता गराएकी छन्। पीडित रिताको श्रीमान मुकेश ठाकुरको केही समय अगाडि मृत्यु भइसकेको छ।

१६ वर्षको एक छोरा र ७ वर्षकी एक छोरीकी आमा रिता देवीको छोरा रोजगारीको लागि गाउँबाहिर बस्दै आएको छ भने छोरी उनीसँगै गाउँमै बस्दै आएकी छन्। आफूमाथि ठूलो अन्याय भएको दुखेसो पोख्दै उनले दोषीलाई कारबाहीको दायरा ल्याएर आफूलाई न्याय दिलाइदिन भन्दै मानवअधिकारकर्मी, पत्रकार, बुद्धिजीवी, राजनितीकर्मी लगायतकाहरु सँग आग्रह गरेकी छन्।

# प्रहरीलाई कारबाही गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल बार एशोसिएशन जनकपुरधामले प्रहरीलाई कारबाही गर्न माग गरेको छ। कानून व्यवसायीको चेम्बरबाट फरार प्रतिवादीलाई जवर्जस्ती पक्राउ गर्ने प्रहरीलाई पक्राउ गर्न एशोसिएशनले माग गरेको छ।

मंगलबार भानु चोकस्थित चन्द्रकुमार शर्मा मैनालीको राम जानकी ल फर्मबाट ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी धनुषा, कमला नगरपालिका ७ हथमुण्डाका २३ वर्षीय राम पुकार मण्डललाई प्रहरीले पक्राउ गरेको छ। उनले अदालतमा हाजिर हुन कानूनी सल्लाह लिन त्यहाँ पुगेको थिए। प्रहरीले कानून विपरीत प्रतिवादीलाई पक्राउ गरेको एशोसिएशनको ठहर छ।

‘नेपालको संविधानको धारा २० मा कुनै पनि मुद्दाको अभियुक्तले आफूले रोजेको कानून व्यवसायीसँग कानूनी परामर्श लिन पाउने संवैधानिक अधिकारमाथि प्रहरीले हस्तक्षेप गरेको छ,’विज्ञप्तिमा उल्लेख गर्दै, सो कार्यमा संलग्न प्रहरीलाई कारवाही गर्न एशोसिएशनले माग गरेको छ।’ अव उप्रान्त स्वतन्त्र रुपमा कानून व्यवसायीबाट परामर्श लिन आउने माथि हस्तक्षेप भए कडा आन्दोलन गर्ने चेतावनी समेत दिइएको छ।

# तामलोपा निर्वाचनमा भाग लिने

**टुडे समाचारदाता**

जनकपुरधाम। मंसिर ४ मा हुने निर्वाचनमा तराई मधेश लोकतान्त्रिक पार्टी (तमोलोपा) सहभागी निर्णय गरेको छ।

मंगलबार जनकपुरधामस्थित पार्टीको केन्द्रीय कार्यालयमा बसेको बैठकले प्रदेशसभा र प्रतिनिधि सभा निर्वाचनमा भाग लिने निर्णय गरेको छ।

पार्टीले निर्वाचनमा अन्य राजनीतिक दलहरूसँग सहकार्य तथा गठबन्धन पनि गर्ने निर्णय गरेको छ।

सो जिम्मेवारी पार्टीका नेता डा. विजयकुमार सिंहलाई दिइएको छ। उनले अन्य दलका नेताहरुसँग छलफल गरी आवश्यक ठाउँमा गठबन्धन गर्न पहल गर्ने छन्।

बैठकले वर्तमान सरकार संसदीय लोकतन्त्रको मान्यतालाई दुरुपयोग गरेको निष्कर्ष पनि निकालेको छ।

प्रतिनिधिसभा र प्रदेशसभाहरुको निर्वाचन घोषणा भइसकेपछि सांसदहरु क्रियाशील नहुनु पर्ने तामलोपाको ठहर छ।

चुनावको मिति घोषणा पश्चात पनि सांसद पद रहिरह्नु हास्यास्पद भएको पार्टीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

बैठकले नेपाल नागरिकता ऐन संशोधन विधेयक संघीय संसदबाट पारित भइसकेपनि प्रमाणीकरणमा राष्ट्रपतिबाट ढिलाइ भएको हुनाले ध्यानाकर्षण गराएको छ। विधेयक तत्काल प्रमाणीकरण गर्न माग गरेको छ।

# आकर्षणको केन्द्र बन्दै महादेव मन्दिर




**टुडे सामाचारदाता**

रौतहट। मौलापुर नगरपालिकामा रहेका पुरातात्विक महादेव मन्दिर भक्तजनहरुको आकर्षणको केन्द्र बन्दै गएको छ। स्थानीय वड़ा नम्बर ५ पतौरामा रहेका उक्त महादेव मन्दिरमा अन्य ठाउबाट दर्शन गर्न आउने श्रद्धालु शिवभक्तहरुको बढ्दै गएको आस्था र विश्वासको कारण मन्दिर आकर्षणको केन्द्र बन्दै गएको छ।

करिव १ दशक पहिला जमीन मुनिबाट निस्केका पौराणिक युगको मन्दिरलाई नगरपालिकाले सौन्दर्यकरण गरी विभिन्न अवसरमा कार्यक्रम आयोजना गर्दै आएको कारण सो मन्दिर अहिले प्रसिद्ध मंदिरको रुपमा चर्चा पाएको छ। शिवरात्रि , बसंतपंचमी तथा साउन महिनामा सोमवारी पर्वको अवसरमा सो मन्दिरमा धार्मिक तथा सांस्कृतिक महोत्सव , आयोजना गर्ने गरिएको मौलापुर नगरपालिकाले जनाएको छ। संघीय लोकतान्त्रिक गणतन्त्र पछि घोषणा भएको स्थानीय सरकारको पहिलो निर्वाचनमा तत्कालीन नेकपा माओवादी केन्द्रका नेता एवं रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का सांसद प्रभु साहको श्रीमती नगर प्रमुखमा निर्वाचित भएपछि सो मन्दिरको सौन्दर्यकरणको कार्य तीब्र पारिएको थियो। पुरातात्विक विभागबाट विशेषज्ञको टोलीद्वारा जांच गराउँदा धेरै बर्ष पुरानो मन्दिरको संरचना फेला परेपछि उत्खननको कार्य अघि बढ़ाइएको थियो।

नगरपालिकाबाट सो पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदाको सूचीमा सूचीकृत गराउने उद्देश्यले नगरपालिकाले समय समयमा ठूल ठूला महोत्सव आयोजना गर्न लागेको छ।

सोमवारी पर्वको अवसरमा आयोजना गरिएको सोमवारी महोत्सवको अवसरमा आयोजना गरिएको कार्यक्रममा पूर्व सांसद साहले पुरातात्विक महादेव मंदिर अहिले देश र विदेशमा चर्चा पाएको समेत दावी गरे। इच्छा आकांक्षा पुरा हुने विस्वास स्थानीयहरुको रहेका छन। आकर्षक रुपमा मन्दिरलाई सजाइएको करण सो मन्दिरको रौनकता झल्कि रहेको छ।

# लागू औषधसहित युवक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा प्रतिबन्धित लागू औषधसहित एक युवक पक्राउ परेको छ। जनकपुरधाम उपमहानगरपालिका-१ पुल चोकका २४ वर्षीय प्रकाश साह पक्राउ परेको हो।

प्रहरीले उनको साथबाट तीन सय वटा नाइट्रोभेट आर १० लेखिएको लागु औषध र दुई थान मोवाइल बरामद गरेको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए। उनका अनुसार साहलाई रघुपति पार्टी प्यालेस नजिक लागू औषध विक्री गरिरहेको सूचनाको आधारमा पक्राउ परेको हो।

उनले पकेटमा प्लास्टिकको झोलाभित्र सो लागू औषध लुकाएर राखेको थियो। फोन सम्पर्क गरी विक्री गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ। पक्राउ परेका साह अहिले धनुषा प्रहरीको हिरासतमा छ।

# न्यु हिमाल युवा क्लब विजयी



**टुडे समाचारदाता**

कलैया।पथलैयामा जारी प्रथम पथलैया यु २० नकआउट फूटवल प्रतियोगिता अन्तर्गत मङ्लबार भएको खेलमा न्यु हिमाल युवा क्लब निजगढ बिजयी भएको छ। पथलैयास्थित खेल मैदानमा भएको खेलमा सिद्धबाबा युवा क्लब अमलेखगंजलाई हराउँदै न्यु हिमाल युवा क्लब निजगढ १–० ले बिजय भएको हो। निजगढका ११ नम्बरका खेलाडी खेलको म्यान अफ दि म्याच घोषित भएका थिए।

गढीमाई साझेदारी बन समिति पथलैयाका अध्यक्ष गणेशजी प्रसाद साहले खेलको म्यान अफ दी म्याच को ट्रफी हस्तान्तरण गरेका थिए।


युवा जागरण क्लब र दिब्य ज्योती क्लबको संयुक्त आयोजनामा भईरहेको प्रतियोगितामा जिल्लाका १६ वटा टीमको सहभागिता रहेको छ। प्रतियोगिताको बिजेताले ३० हजार र उपबिजेताले २० हजार प्राप्त गर्नेछन्।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कंकट | : धन बृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : पारिवाहिक सुख। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# महासंघको आफ्नै भवन निर्माण हुने



राजन झा

जनकपुरधाम । मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा नेपाल आदिवासी जनजाति महासंघको आफ्नै भवन जनकपुरधाममा बन्ने भएको छ ।

मंगलवार एक कार्यक्रमबीच अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले सो भवनको शिलान्यास गरेका छन् । प्रदेश सरकारले चालु आर्थिक वर्षमा २५ लाख रुपैया भवनका लागि बिनियोजन गरेको महासंघ मधेश प्रदेशका अध्यक्ष मनोज सिंह दनुवारले बताए ।

महासंघले भवनमा कार्यालय, प्रशिक्षण र सभाहलसहित तीन तल्ले भवन निर्माण हुन लागेको जनाएको छ । देशको एक तिहाई जनसंख्या रहेको आदिवासी जनजातिको अधिकार, पहिचान र पहुँच सुनिश्चित हुन नसकेको भन्दै अगुवाहरुले भवनका लागि प्रदेश सकरारलाई सहयोगको सराहना गरेको छ ।

२८ औं विश्व आदिवासी जनजाति दिवसको अवसर पारेर भवनको शिलान्यास गरिएको हो । सो अवसरमा प्रदेश सांसद सुरेश कुमार मण्डल, अगुवा कमलेश मण्डल, महासंघका पदाधिकारीहरु सहित आदिवासी जनजातिका अगुवाहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा मन्त्री साहले देशको एक तिहाई जनसंख्याको अधिकार, पहिचान र पहुँच सुनिश्चित नभए सम्म देश र प्रदेशको विकास सम्भव नरहेको बताए ।

२८ औं बिश्व आदिवासी जनजाति दिवसको अवसरमा नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् धनुषाले जनकपुरधाममा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा मन्त्री साहले देशमा मधेशी, आदिवासी जनजाति, मुस्लिम सहित समुदाय पिछडिएको नभई पछाडिएर राखेको समुदाय रहेको जिकिर गरे ।

कार्यक्रममा प्रदेश सांसद सुरेश कुमार मंडलले आदिवासी जनजातिका ५९ विभिन्न जातजातिहरु बहुसंख्यक रहेपनि प्रतिनिधित्व र पहिचान हुन नसकेको बताए ।

महासंघ जिल्ला समन्वय परिषद् धनुषाकी अध्यक्ष जमुना भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्री साह, सांसद मण्डललाई मायाको चिनो सहित सम्मान गरिएको थियो ।

कार्यक्रममा महासंघ मधेश प्रदेशका अध्यक्ष मनोज सिंह दनुवार, अगुवा कमलेश मण्डल, राष्ट्रिय मानवअधिकार आयोग जनकपुरका अधिकृत मनमाया राणामगर, ईन्सेक मधेश प्रदेशका अध्यक्ष राजु पासवान सहितकाले आ-आफ्नो धारणा राखेका थिए ।

# जलेश्वर नगरपालिका पूर्ण खोप घोषणा

टुडे समाचारदाता

जलेश्वर । जलेश्वर नगरपालिकालाई पूर्ण खोप घोषणा गरिएको छ ।

नगर खोप समन्वय समिति र नगरपालिकाद्वारा मंगलबार आयोजना गरिएको पूर्ण खोप घोषणा कार्यक्रममा नगरप्रमुख सुरेश साह सोनारले यस नगरलाई पूर्ण खोपको सुनिशिचतता र दिगोपना घोषणा गरेका छन् ।

उनले नगर क्षेत्रभित्र जन्मेका र जन्मने प्रत्येक बालबालिकाले आवश्यक सम्पूर्ण खोपहरु पाउने र पाइरहेको पनि बताए ।

त्यस्तै महिलाहरुका लागि पनि आवश्यक सबै खोप उपलब्ध रहेको र सबैले सबै खोप पाइरहेकाले जलेश्वरलाई पूर्ण खोप घोषणा गरिएको भन्दै नगरप्रमुख सोनारले नगरभित्रका स्वास्थ्य संस्थाहरुमा चौबिसै घण्टा प्रत्येक खोपको व्यवास्था रहेको तथा अब खोपकै अभावमा कुनै पनि बालबालिका तथा महिलाहरु कुनै पनि रोगको सिकार भएर मृत्युवरण गर्नुपर्ने अवस्था नआउने प्रतिबद्धता पनि प्रकट गरे ।

जलेश्वरलाई पूर्ण खोपको सुनिश्चितता र दिगोपना घोषणा गराउनमा यस नगरभित्रका स्वास्थ्य संस्थाहरुमा काम गर्ने स्वास्थ्यकर्मी, महिला स्वयम्सेविकासहित स्वास्थ्य समूहलाई सम्मान गरिएको थियो ।

# मोटरसाइकल सहित ६ जना पक्राउ



टुडे समाचारदाता

कलैया । बारामा मोटरसाइकल चोरी गर्ने गिरोहका नाइके सहित ६ जनालाई प्रहरीले १२ थान मोटरसाइकल सहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा पचरौता नगरपालिका वडा नम्बर ७ बेनौली गाँउ बस्ने चोरका नाइके २० वर्षीय बृजमोहन साह सोनार, २० वर्षका भोला पटेल, २१ वर्षका बिसाल कुमार सहनी, २० वर्षका बिजय पटेल, २४ बर्षका हरिनारायण पटेल र सोही वडा नम्बर बस्ने वर्ष २३ का बरक सहनी रहेको प्रहरी उपरीक्षक होबेन्द्र बोगटीले जानकारी दिए ।

जिल्लामा प्रहरीको गस्ती टोली परिचालन गरी साउन १९ गते बरियापुरबाट २ थान मोटरसाईकल चोरी गरी भागी रहेको अवस्थामा पचरौता नगरपालिका वडा नम्बर ७ टोल बेनौली बस्ने वर्ष २१ का बिशाल कुमार सहनी र २० वर्षको भोला पटेललाई पक्राउ गरी तिनीहरुको बयानका आधारमा बाकी ४ जनालाई १० थान मोटरसाइकलसहित पक्राउ गरिएको उपरीक्षक बोगटीले जानकारी दिए ।

# ब्रिटिस रेडक्रसद्वारा मर्यादा तथा स्वच्छता सामग्री सहयोग

काठमाण्डु । ब्रिटिस रेडक्रसले नेपाल रेडक्रस सोसाइटीलाई आपत्कालीन अवस्थामा रहेका मानिसलाई वितरण गर्न आवश्यक सामग्री उपलब्ध गराएको छ ।

ती सामग्रीमा मर्यादा र स्वच्छता सामग्री क्रमशः एक हजार तीन सय/ एक हजार तीन सय सेट छन् । ब्रिटिस रेडक्रसका नेपाल प्रमुख कृति रेले ती सामग्री नेपाल रेडक्रसका कार्यकारी निर्देशक उमेशप्रसाद ढकाललाई सोमबार हस्तान्तरण गर्नुभयो ।

सो अवसरमा ब्रिटिस रेडक्रसका नेपाल प्रमुख रेले विपद् तथा महामारीबाट प्रभावित भई आपत्कालीन अवस्थामा रहेका मानिसलाई वितरणका लागि नेपाल रेडक्रसलाई आवश्यक सामग्री सहयोग गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विपद् प्रतिकार्यका लागि सामूहिक प्रयास आवश्यक हुन्छ । समुदायको विपद् उत्थानशीलताका लागि क्षमता बढाउन ब्रिटिस रेडक्रसले नेपाल रेडक्रसलाई निरन्तर सहयोग गरिराखेको र आगामी दिनमा यस्ता सहयोग जारी रहने छ ।"

नेपाल रेडक्रस कार्यकारी निर्देशक ढकालले ब्रिटिस रेडक्रसबाट भइरहेको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुहुँदै प्राप्त सामग्री तत्कालै बाढीपहिरो प्रभावित क्षेत्रमा आवश्यकताका आधारमा पठाउने जानकारी दिनुभयो ।रासस

# मकवानपुरमा आठ हजार ६ सय नयाँ मतदाता

बाग्मती । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुर जिल्लामा आठ हजार ६ सय ४३ नयाँ मतदाता दर्ता भएको प्रदेश निर्वाचन कार्यालय मकवानपुर हेटौँडाले जनाएको छ ।

आयोगले असारबाट सुरु गरेको मतदाता नामावली सङ्कलन कार्यअन्तर्गत मकवानपुरमा चार हजार पाँच सय १७ पुरुष तथा चार हजार एक सय २६ महिला गरी कूल आठ हजार छ सय ४३ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको सो कार्यालयबाट जानकरी प्राप्त भएको छ ।

गत साउन १९ गते सरकारले आगामी मङ्सिर ४ गते प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा गरेपपछि साउन २० गतेबाट मतदाता नामावली सङ्कलन कार्य बन्द भएको बताइएको छ ।

मकवानपुरमा निर्वाचन कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा गरी दुई स्थानमा बेग्लाबेग्लै मतदाता नामावली सङ्कलन भएको थियो ।

निर्वाचन कार्यालयमा तीन हजार चार सय ३२ पुरुष र तीन हजार ९८ महिला गरी कूल छ हजार पाँच सय २१ ले मतदाता नामावलीमा दर्ता गराएको थिए । जिल्ला प्रशासन कार्यालयमा नौ सय २१ महिला तथा नौ सय १९ पुरुष गरी एक हजार आठ सय ५० जनाले मतदाता नामावलीमा दर्ता गराएको बताइएको छ ।

सो अवधिमा एक हजार दुई सय ८७ जनाले मतदाता नामावलीमा नाम सच्याउने र मतदान केन्द्र परिवर्तन गरेको बताइएको छ । मतदाता परिचयपत्र त्रृटि सच्याउनेको सङ्ख्या एक सय थियो । बाहिरी जिल्लामा तीन सय ४३ जनाले मतदाता नामावली सारेको सो कार्यालयले जनाएको छ ।

कार्यालयका प्रमुख लुम्वनाथ अधिकारीबाट प्राप्त विवरणअनुसार मकवानपुरमा हाल एक लाख ५६ हजार छ सय ४९ पुरुष तथा एक लाख ५० हजार एक सय ६२ महिला र पाँच अन्य गरी तीन लाख छ हजार आठ सय १६ जनाको नाम मतदाता नामावलीमा दर्ता भएको जनाइएको छ । जिल्लामा मतदानस्थल एक सय ६५ तथा मतदान केन्द्र तीन सय ५६ रहेको सो कार्यालयले जनाएको छ ।रासस

# सगरमाथा आरोहण गरेका चिनियाँ नागरिकलाई सम्मान

काठमाण्डु । नेपाल-चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६७औँ वर्षगाँठ मनाउने क्रममा नेपाली राजदूतावास, बेइजिङले आइतबार दूतावास परिसरमा एक कार्यक्रमको आयोजना गरी सगरमाथा आरोहण गरेका चिनियाँ नागरिकहरूलाई सम्मान गरेको छ ।



आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमअन्तर्गत नेपालको पर्वतारोहण प्रवर्द्धनसम्बन्धी 'माउन्टेनियरिङ एन्ड ट्रेकिङ इन नेपाल' विषयक कार्यक्रममा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

उहाँले नेपाल र चीनबीच रहिआएको सौहार्द्रपूर्ण द्विपक्षीय सम्बन्धका बारेमा चर्चा गर्दै दुई मुलुक बीचको उच्चस्तरीय भ्रमणहरू तथा जनस्तरमा हुने आदानप्रदानले द्विपक्षीय सम्बन्ध थप प्रगाढ हुने बताउनुभएको दूतावासले जनाएको छ ।

कार्यक्रमको प्रमुख उद्देश्य नेपालका तर्फबाट सगरमाथा आरोहण गरेका चिनियाँ नागरिकहरूलाई सम्मान गर्ने तथा नेपालमा रहेको पर्वतारोहण र ट्रेकिङ पर्यटनको प्रचुर सम्भाव्यताका बारेमा प्रवर्द्धन गर्नुरहेको थियो । उहाँले पर्यटकका लागि नेपालमा प्रचुर मात्रामा प्राकृतिक एवम् सांस्कृतिक विविधता रहेको उल्लेख गर्दै सगरमाथासहित आठ हजार मिटरभन्दा बढी उचाइ भएका आठ हिमालचुलीहरू, बुद्धको जन्मस्थल लुम्बिनी तथा नेपालमा रहेका विश्व सम्पदा सूचीकृत पर्यटकीयस्थलका बारेमा जानकारी गराउनुभएको भयो । उहाँले सहभागीलाई नेपाल भ्रमण गर्न र नेपालमा रहेका पर्यटकीय गन्तव्यको प्रचारप्रसारका लागि आह्वान गर्नुभयो ।

कार्यक्रममा उपस्थित नेपालका तर्फबाट सगरमाथा आरोहण गरेका ३१ चिनियाँ नागरिकलाई राजदूत श्रेष्ठले खादा लगाई सम्मानपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा आरोहीका तर्फबाट तीन जनाले आरोहणका क्रममा लिइएका तस्वीर एवम् भिडियोसहित सगरमाथा आरोहणबारे आफ्नो अनुभव समेटी प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा पर्वतीय पर्यटन क्षेत्रमा कार्यरत बेइजिङस्थित चाइना एड्भेन्चर एसोसिएशनका अध्यक्ष हान बो र इन्टरनेसनल माउन्टेन टुरिज्म एलाइन्सका बेइजिङस्थित सम्पर्क कार्यालयका प्रतिनिधि सु सिमिङले कार्यक्रममा मन्तव्य राख्नुभएको थियो ।


त्यसैगरी नेपाल माउन्टेनियरिङ एसोसिएशनका अध्यक्ष निमानुरु शेर्पा र नेपाल एसोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्ट्सका अध्यक्ष रमेश थापाले भर्चुअल माध्यमबाट प्रस्तुतिकरण गरी नेपालको पर्वतारोहण तथा ट्रेकिङको विशेषता एवं आकर्षणका बारेमा प्रकाश पार्नुभएको दूतावासद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी सगरमाथाको चार पटक आरोहण गर्नुभएका चिनियाँ नागरिक सिया बोयुले सगरमाथा आरोहणको आफ्नो अनुभव समेटेको मर्मस्पर्शी भिडियो देखाउँदै चिनियाँ नागरिकलाई सगरमाथाको आरोहण गर्न उत्साहित बनाउनुभएको थियो । सिया बोयु कृत्रिम खुट्टाले सगरमाथाको आरोहण गर्ने पहिलो चिनियाँ नागरिक हुनुहुन्छ । उहाँले सगरमाथा आरोहणका क्रममै आफ्नो खुट्टा गुमाउनुभएको थियो ।

सगरमाथा आरोहणलाई समेटेर क्याप्टेन माउन्ट एभरेष्ट चलचित्र निर्माण गर्नुभएका सगरमाथा आरोही वाङ पिङ तथा अर्का आरोही लुओ बिआओले सगरमाथा आरोहणका बारेमा आफ्ना अनुभव समेटी प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा नेपालको पर्यटकीयस्थल एवम् चिनियाँ सगरमाथा आरोहीहरूको तस्वीर प्रदर्शन गरिनाका साथै नेपालको पर्यटनसम्बन्धी भिडियोसमेत देखाइएको थियो ।रासस

# नेपालमै पहिलो द्वारकाधाम निर्माण हुने

काठमाण्डु।भक्तपुर-सूर्यविनायक नगरपालिका-७ गुन्डुस्थित पाथिभरा मन्दिर परिसरमा नेपालकै पहिलो द्वारकाधाम निर्माण हुने भएको छ ।



भारतका चारधाम ( उतराखण्डस्थित बद्रिनाथ, तामिलनाडुस्थित रामेश्वरम, गुजरातस्थित द्वारकाधाम र उडिसास्थित जगनाथपुरीलाई भनिन्छ ।

गुजरातस्थित द्वारकाधाम स्वरुपको धाम बुधबार शिलान्यास गरिने पाथिभरा मन्दिरका मूल पूजारी गुरु अरविन्द शास्त्रीले राससलाई जानकारी दिनुभयो । हिन्दू धर्मावलम्बीले मान्दै आएको चार धाममध्येको एक धाम हो द्वारकाधाम । नेपालका नागरिक द्वारकाधामको दर्शन गर्न गुजरात जाने गर्छन् ।

नेपालमा मुक्तिनाथ, पाशुपत, रुरु, र बरहा क्षेत्रलाई चारधाम भनिन्छ । नेपालमा निर्माण हुन लागेको द्वारकाधामका लागि करिब आठ रोपनी जग्गा अर्जुन बस्नेतलगायतले उपलब्ध गराउनुभएको र यसका लागि रु २० करोड खर्च लाग्ने अनुमान गरिएको छ ।

मन्दिर स्थानीय, प्रदेश र सङ्घीय, सरकार तथा विभिन्न दाताको सहयोगमा गरिने नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले जानकारी दिनुभयो ।रासस

# बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत

चितवन । बर्डफ्लु प्रभावित किसानलाई छिट्टै राहत दिइने भएको छ । बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका कुखुरा एवं अन्य बस्तुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ ले गत वर्ष प्रभावित किसानले राहत नपाउने भएपछि यस पटक मन्त्रिपरिषद्मा निर्णय गरी राहत दिन लागिएको हो ।



मापदण्ड पारित भएपछि मात्र लागू हुने भएकाले यस अघिका प्रभावित किसानको तथ्याङ्क सङ्कलन गरी यस पटकका लागि मन्त्रिपरिषद्मा लैजाने तयारी गरिएको हो । पशुसेवा विभागका सूचना अधिकारी चन्द्र ढकालका अनुसार देशभरका १६ जिल्लामा बर्डफ्लुको प्रभाव देखिएको छ ।

ती जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन भएको समितिले दररेट निर्धारण गर्ने छ । चार जिल्ला बाहेक अन्य जिल्लाबाट क्षतिको विवरण विभागमा पुगिसकेको ढकालले बताउनुभयो ।

बाँकी ती जिल्लामा छिटो गर्न ताकेता गरिएको छ । बाँकी जिल्लाबाट विवरण आएसँगै विभागले कृषि तथा पशुपक्षी विकास मन्त्रालय फाइल पठाउने छ । ढकालले भन्नुभयो, "हामी सकेसम्म साउनमानै मन्त्रिपरिषद्मा फाइल लगेर राहत दिने गरी तयारीमा जुटेका छौँ ।"

आवश्यक कागजात तयार भएकाले चार जिल्लाको क्षतिपूर्तिको विवरण आएसँगै मन्त्रिपरिषद्मा पठाउने तयारी गरिएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले 'बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत दिनेसम्बन्धी मापदण्ड-०७९' पारित भएसँगै किसानलाई क्षतिको ७५ प्रतिशत राहत रकम उपलब्ध गराउने बाटो खुलेको हो । बर्डफ्लु देखिएपछि नियन्त्रणका क्रममा पक्षी, पक्षीजन्य पदार्थ र पक्षी उत्पादन सामग्री नष्ट गर्ने गरिन्छ । बर्डफ्लु नियन्त्रण नियमावली २०७८ मा राहतसम्बन्धी व्यवस्था उल्लेख भए पनि मापदण्ड स्वीकृत नहुँदा कार्यान्वयन हुन ढिलाइ भएको थियो । क्षतिको रकम निर्धारण गरी त्यसको ७५ प्रतिशत रकम राहत उपलब्ध गराउने व्यवस्था मापदण्डमा गरिएको छ ।


मापदण्डमा दररेट निर्धारण समितिले प्रत्येक आर्थिक वर्षको साउनभित्र प्रचलित बजार मूल्यका आधारमा मूल्य निर्धारण गर्ने व्यवस्था उल्लेख छ । मापदण्ड बनेसँगै क्षतिपूर्ति निर्धारण गर्ने बाटो खुलेको हो । गत वर्षको माघ ११ गते मोरङ्को ग्रामथान गाउँपालिकामा पहिलो पटक बर्डफ्लु देखिएको थियो । ढकालका अनुसार चितवन र काठमाडौँ बर्डफ्लुबाट बढी प्रभावित बनेको छ । बर्डफ्लुबाट रु ६५ करोड हाराहारीको क्षति भएको अनुमान गरिएको छ । सरकारले ७५ प्रतिशत क्षतिको रकम दिँदै गर्दा रु ५० करोड भन्दामाथि रकम आवश्यक पर्ने अनुमान रहेको छ । बाँकी चार जिल्लाको विवरण आएसँगै वास्तविक तथ्याङ्क आउने ढकालले बताउनुभयो ।

क्षतिपूर्तीका लागि सहमतिसहित थप रकम व्यवस्था गर्न मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजान लागेको हो । मापदण्ड पारित भएपछि अब भने बर्डफ्लुबाट भएका क्षतिको राहत उपलब्ध गराउन सहज हुने छ । रासस


सुर्य तारा डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर

डा. राजेश किशोर यादव
पल्मोनोलोजीस्ट

एम.बि.बि.एस.
एम.डी.- पल्मोनोलोजी
(BSMMU, DHAKA)



२०७९ साउन २८ गते शनिवार आउँदै हुनुहुन्छ

काठमाडौँको मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुर र नेपाल कोरिया अस्पताल को छाती, फोक्सो तथा दमरोग बिशेसज्ञ डा.राजेश किशोर यादव को ओ.पि.डी सेवा जनकपुरमा पनि प्रत्यक महिनाको आन्तिम शनिबार उपलब्ध छ ।

नाम र दर्ता को लागि
सम्पर्क : ९८१७६६०११९ /९८४४४२६७७२
स्थान : सुर्य तारा डाईबिटिज थाईराईड एन्ड इन्डोक्राईन सेन्टर प्र. लि. जनकपुरधाम, अस्पताल रोड



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# लापरवाही गर्नेलाई कारबाही गर

तराई मधेशका जिल्लाहरुमा योजना कार्यान्वयनमा लापरवाही बढी देखिएको छ। ठेक्का कवोल गर्ने बेलामा अत्यधिक विलो जाने तर, जव काम गर्ने समय आउँछ अनि विभिन्न बहानाबाजी देखाउने गर्छन्। एउटा निकायले कुनै योजना सञ्चालन गरेपछि अर्का निकायले त्यसमा कुनै काम नगर्ने भएपछि सर्वसाधारण जनता दुःख खेप्दै जान्छ तर ठेकेदार मस्त निद्रामा सुतेका हुन्छन्। एउटै कम्पनीले बढी भन्दा बढी काम लिने तर समयमा सम्पन्न नगरी बहानाबाजी गरी रहेका हुन्छन्। जनता त्यसमा आजिज हुन्छ र त्यसको दोष भने सरकार र सम्बन्धित कार्यालयलाई दिई रहेको हुन्छन्। एउटा पुल निर्माण गर्न १० बर्ष भन्दा बढी लगाउने गरेका छन् तर, कारबाही भने शून्य। कारबाही नगरे त्यस्ता ठेकेदार कम्पनीहरुको मनोबल बढ्ने र त्यसले आम जनतामा एक प्रकारको नकारात्मक उर्जाको प्रवाह गर्छन् भने आम जनता दुःखी भएको हुन्छन्। सडक निर्माण गर्दा समय सके पनि पटक पटक म्याद थप थरी गुणस्तरहीन काम गरी रहेको हुन्छन् तर नियमन गर्ने निकाय भने कुनै चासो लिएका हुँदैन्। सडक, नाला, पुल पुलेसो लगायतका सार्वजनिक महत्वका निर्माण कार्यमा ठेकेदार कम्पनीले समय वा समय भन्दा पहिला कार्य सम्पन्न गरेपछि त्यसमा सरकारले पुरस्कृत गर्ने व्यवस्था समेत राखेको छ तर, उनीहरु त्यो पुरस्कार भन्दा बढी ढिलो गरेर गुणस्तरहीन काम गर्दा बढी फाइदा लिने दाउमा हुन्छन्। सरकारले दिने पुरस्कार भन्दा बढी उनीहरुले गुणस्तरहीन काम गरेर पाउने फाइदानै महत्वपूर्ण हुन्छ। समयमा काम नगर्ने ठेकेदार र ठेक्कापट्टा गर्ने कम्पनीलाई कारबाही नगरेका कारणले नै उनीहरुको महत्वकांक्षा बढेको छ। शुरु देखिनै कारबाहीको काम अगाडि बढाइएको भए आज यो दुर्दशा बेहोर्नुपर्ने आवश्यकता भने थिएन। सरकारले जनताकोलागि बनाएको योजनामा ठेकेदारहरुको मौजमस्तीको छिटो भन्दा छिटो अन्त गर्नुपर्छ। उनीहरुलाई कारबाहीको दायरामा ल्याई आम जनतालाई राहत दिनु पर्छ। निर्धारित समयमा काम गर्ने कम्पनीलाई पुरस्कृत र नगर्नेलाई कारबाही नगरिए यस्तै एउटा योजनामा बर्षौ बर्ष सम्म झेल्नुपर्ने परिस्थिति आउने गर्नेछन्। जनताको काम समयमा नगर्ने कर्मचारीलाई पनि दण्डित गर्नुपर्ने छ। एकतर्फी रुपमा नभई सम्बन्धित जुन निकायवाट कमीकमजोरी देखिन्छ त्यसलाई कारबाहीको दायरामा ल्याई लापरवाही गर्नेलाई दण्डित गर्नुपर्छ।

# पाँच दलीय गठबन्धनको निरन्तरता आजको आवश्यता



डा. रामसागर पंडित

*कतिपय पार्टी नाम कम्युनिष्ट पार्टी राखे पनि उनी देशमा जहिले पनि पूँजी पतिहरूका दलाल बनेर काम गरेका छन्। गाउँ घरका सर्वहारा किसान, मजदुरहरूका भोटले जितेर गए पछि यिनीहरूको दुःख विर्सेर ठूल्ठूला पूँजी पतिहरूका लाभका लागी मात्रै काम गरेको देखिएको छ। जो वास्तविक कार्यकर्ता छन् उनीहरू गाउँबाट उपर उठन सकेका छैनन्। निर्वाचनसम्म मात्र यिनीहरूका नजिक आइ मीठो मीठो सपनाहरू बाँटी राखेका हुन्छन्। सिधा सादा जनता यिनीहरूका मीठा मीठो कुरा सुनेर फकिन्छन् र समस्या जस्ताको त्यस्तै रहिरहन्छ।*

एक जना बुद्धिजीबीले मलाइ सोधेछन् कि नेपालको सरकार लोकतन्त्रको नार्म अनुसार काम गरि रहेछ त ! उसलाई मैले उत्तर दिएँ तपाईसँग पनि यसको अनुभव छँदै छँदा मसँग किन सोध्नु भयो त ! वहाँको भनाइ के आयो भने तपाईं पत्रपत्रिकामा बरोबर आफ्ना लेख रचना मार्फत नागरिकलाई जगाइ राख्ने हुनाले यो प्रश्न तपाई समक्ष राखेको छु। वहाँको आग्रहमा मैले जानेसम्म यसको उत्तर दिने प्रयास गरेको छु। कुरा धेरै पुरानो छैन। मैले जबाव दिएँ, नेपालको सरकार लोकतान्त्रिक पद्धति अनुसार चले कै छ।

अहिलेको गठबन्धन सरकार देश र समयको बाध्यता हो। मलाइ लाग्दैन्थियो कि यस्तो सरकार अति छिटो बन्छ। जनताले नेकपा (एमाले) का अध्यक्षलाई लगभग दुई तिहाइको सरकार बनाउने मत जाहेर गरेकै थिए तर वहाँले के गर्नु भयो सबै नेपालीको सामुने छँदै छ। बहुदलीय प्रणालीमा मानिसहरू आ-आफ्ना विचार दल मार्फत प्रकट गरेका हुन्छन्। सबै दल स्वतन्त्र रूपले निर्वाचनमा भाग लिएको भए आ-आफ्ना इच्छा लागेका पार्टीमा भोट हाल्ने नैसर्गिक अधिकारलाई सही रूपमा प्रयोग गर्ने मौका पाउँथे तर त्यस्तो अवस्था हुने देखिँदैन। २०७२ सालको संविधान पूर्णरूपेण लागू भैसकेपछि पहिलो निर्वाचन २०७४ मा जनताले त्यही सूझ बूझका साथ मत हालेकै थिए तर ओलीको सूझबूझ तथा संविधान अध्ययनको अभावका कारण अहिले गठबन्धन सरकारको जन्म भएको हो।

बहुदलीय लोकतान्त्रिक व्यवस्था जोगाउन गठबन्धन गरेर निर्वाचनमा जानुको अर्को विकल्प रहेको देखिँदैन। लोकतन्त्रमा सबैभन्दा पहिले के संज्ञान राख्नु पर्छ भने जनता र संविधान सबैभन्दा माथि हुन्। हाम्रो संविधान पनि यसैलाई मनन गरी शक्ति सन्तुलनका सिद्धान्तलाई मानेको छ। व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकामा देशको शक्ति निहित हुन्छ र कानून अनुसार चलाउनु पर्ने हुन्छ तर यदि चालक कमजोर भयो भने गाडि कुनै बेला दुर्घटनामा पर्न सक्छ। यस्तै कुरा ओली उपर लागू हुन्छ। उहाँ आफू सामुने कसैलाई मान्न तयार भएनन्।

देश र संविधान भन्दा आफूलाई माथि ठान्न थालेका कारणले देशमा अहिले गठबनधनको संस्कृति अगाडि आएको छ। जुन कुराको पनि विकल्प हुन्छ। विकल्प रहित कुनै कुरा छैन। वहाँको सोचमा के थियो भने मेरो विकल्प छैन। दुई-दुई चोटी संविधान अनुसार बनेको प्रतिनिधि सभालाई विचैमा बिगठन गरी निर्वाचनको घोषणा गर्नु विल्कुल अवैध काम थियो तर अहिलेसम्म आफ्नो अवैध कामलाई बैध नै छ भने दलील दिन पछि परेका छैनन्। हाम्रो संविधानमा ५१ प्रतिशत जनप्रतिनिधिले जुन बेला पनि मिलेर सरकार परिवर्तन गर्न पाउँछ त्यसैलाई प्रयोग गरी ओलीको सरकारलाई सिहदरबारबाट धपाइएको थियो। अहिले प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनको तिथि मंसीर ४ गते एकै दिन गर्ने निश्चित भैसकेको छ।

सबै पार्टीहरू आ-आफ्ना पार्टीलाई बढी भन्दा बढी तिखार्दै अगाडि बढने अठोट साथ मैदानमा कुद्न चाहन्छन्। यहाँ हेर्नु पर्ने कुरो के छ भने केही पार्टीले आफ्ना गलत चलखेल मार्फत संविधान र व्यवस्था माथि चोट पुऱ्याउन चाहन्छन्। कतिपय पार्टी नाम कम्युनिष्ट पार्टी राखे पनि उनी देशमा जहिले पनि पूँजी पतिहरूका दलाल बनेर काम गरेका छन्। गाउँ घरका सर्वहारा किसान, मजदुरहरूका भोटले जितेर गए पछि यिनीहरूको दुःख विर्सेर ठूलूठूला पूँजी पतिहरूका लाभका लागी मात्रै काम गरेको देखिएको छ। जो वास्तविक कार्यकर्ता छन् उनीहरू गाउँबाट उपर उठन सकेका छैनन्। निर्वाचनसम्म मात्र यिनीहरूका नजिक आइ मीठो मीठो सपनाहरू बाँटी राखेका हुन्छन्। सिधा सादा जनता यिनीहरूका मीठा मीठो कुरा सुनेर फकिन्छन् र समस्या जस्ताको त्यस्तै रहिरहन्छ। यिनीहरू जातीय, धार्मिक, गरीबधनी, ठूलासाना, आदि किसिम किसिमका नारा तयार गरेर जनतालाई प्रलोभनमा पार्न पछि पर्दैनन्। देश र जनतासँग मतलव हुँदैन। समय समयमा जनतालाई त बेचेकै छन् देशलाई समेत बेच्न तम्तयार भएर बसेका छन्।

यी पार्टीहरू मूल रूपले अहिले दुई भागमा विभक्त भएका छन्। नेपालका केही पार्टीहरू सोझो रूपमा प्रतिगामी कितामा उभिएका छन् भने बाँकी पार्टीहरू अग्रगामी कितामा छन्। प्रतिगामी समूहको नेतृत्व गर्ने नेपाल कम्युनिष्ट पार्टी (एमाले) हो। यसको अध्यक्ष अहिले पूर्व प्रधानमन्त्री केपीशर्मा ओली हुनुहुन्छ। वहाँको विगतको क्रियाकलापलाई हेर्दा अहिले वर्तमान व्यवस्था (पद्धति) लाई खत्म गरेर पछाडिको व्यवस्था फर्काउन चाहन्छन्। भाषणले त सबैले लोकतन्त्रको दोहाइ दिन्छन् तर उसको व्यवहार कस्तो छ त्यहाँ हेर्नु पर्ने हुन्छ।

यहाँको शासनकालमा दुई दुई चोटी अवैध रूपले संविधानमा नभएका दफालाई समाति प्रतिनिधि सभाको विगठन, राष्ट्रपति जस्तो सम्मानित संस्थालाई विवादमा ल्याउनु, कानूनी सरकारलाई परमादेशको सरकार भन्नु, ठोरीमा अयोध्या कायम गर्नु, देशको ढुकुटीलाई खाली गरी पशुपतिमा सोनाको जलहरी लगाउनु, विपक्षीहरूलाई प्रजातान्त्रिक सम्मान नगर्नु, आफ्नै पार्टीका वरिष्ट नेताहरूलाई विश्वासमा लिन नसक्नु, म नै पार्टी हुँ भने भावना राख्नु आदि। हुनत यसभन्दा राम्रो पार्टी राष्ट्रिय प्रजातंत्र पार्टी हो जो खुलेर राजा तथा हिन्दू राष्ट्रको वकालत गरि रहेका छन्।

केही समयका लागि राम्रा राम्रा उखान टुक्काहरू भनेर हँसी लगाएर तत्कालका लागि त हँसाउन सकिन्छ तर यसले राम्रो दुरगामी परिणाम दिन सक्दैन। अब लगभग विस्तारै जनताले पनि ओलीका काम कम्युनिष्ट सिद्धान्त विरोधी हो भने बुझि सकेका छन्। गाउँ घरसम्म बुझ्न केही समय लाग्ने देखिन्छ।

अहिले हुन गइरहेको निर्वाचनमा ५ दलीय गठबन्धन नितान्त आवश्यक देखिन्छ। स्थानीय निर्वाचनमा गठबन्धनले ल्याएको नतिजा कुनै एक पार्टीको यस/अपजसबाट आएको होइन। हामीलाई थाहा छ पाँच दलीय समूहमा सबैभन्दा बढी जनमत नेपाली काँग्रेससँग छ भने सबै भन्दा कम जनमोर्चा नेपालसँग देखिन्छ। जो जति बलियो र कमजोर छ त्यसै अनुसारको सीटमा समझदारी बनाएर लै जानु पर्छ। यसमा यी पाँच दलले मेरो/तिम्रोको भावनाबाट माथि उठेर काम गर्नु पर्ने देखिन्छ। स्थानीय निर्वाचनमा गरेको गठबन्धनमा केही समिक्षा गर्ने विषय भए पनि अब हुने प्रादेशिक तथा संघीय निर्वाचनमा त्यसलाई सच्याएर अगाडि बढनु पर्दछ। अहिले गठबन्धनको परिणामलाई हेर्दा के नेपाली काँग्रेस एक्लै निर्वाचन लडेको भए सबै भन्दा ठूलो दल हुने थियो त ! यति हुँदा हुँदै ६ वटा महानगरपालिका मध्ये एउटा मुख्य महानगरपालिका काँग्रेसको हातबाट निस्केको छ। यसले अझ नेपाली काँग्रेसलाई सचेत बनाएको छ। सम्झौतामा सँधै मुनाफा मात्र हुँदैन, कहिले काँही केही घाटा सहेर पनि प्रतिगामीको खुट्टा कमजोर गर्न सबै एक जुट हुनै पर्दछ। अहिलेको लोकतन्त्र ल्याउन सबै भन्दा बढी मूल्य चुकाएका नेकपा (माके) हो। लोकतन्त्र प्रतिगमनमा गयो भने सबैले यत्रो संघर्ष गरी ल्याएको संघर्ष र बलिदान कहाँ जान्छ, विचारणीय देखिन्छ।

त्यसैले यस लोकतन्त्रलाई जोगाउने लडाइमा सबै अग्रगामी पार्टीहरू एकजूट हुनै पर्दछ। जनता हुनत सबै पार्टीका नेताहरूका मूल्याङ्कन गरि रहेछन्। ओली प्रधानमन्त्रीबाट झरेपछि भोलीको चुनाववाट प्रधानमन्त्रीमा म फर्कदै छु। अहिलेको वहिर्गमन केही दिनको लागी मात्र हो। अहिले स्थानीय निर्वाचनको परिणामबाट केही हतास मुडमा रहेको देखिन्छ। उहाँले पनि यस गठबन्धनलाई तोड्न सक्दो प्रयास नगर्ला भन्न सकिन्न।

यस गठबन्धनमा नेपाली काँग्रेसको भूमिका सबै भन्दा महत्वपूर्ण देखिन्छ। नेतृत्व गर्ने पार्टी भएको हुनाले गार्जियनको भूमिकामा रहनु पर्छ र गार्जियनले अन्य सदस्य माथि समेत खबरदारी गर्दै अगाडि बढ्नु पर्छ। नेपाली काँग्रेसको विगतको इतिहासलाई हेर्दा स्वयं प्रचण्ड जी समेत गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा काम गरेर नै आजको लोकतन्त्र हामी पाएका छौं। त्यसैले लोकतन्त्र बचाउने जिम्मा पनि नेपाली काँग्रेसको काँधमा रहेको कुरा स्मरण गराउन चाहन्छु। अर्कोतिर प्रचण्ड र ओली बीचमा भएको घटना अहिले पनि ताजै छ। एक निर्वाचनसम्म यी पार्टीहरू यता/उता हुनुहुँदैन। यदि भयो भने यसको परिणाम सबैले भोग्नु पर्ने हुन्छ र देशको शासन प्रतिगामीको हातमा पर्न जान्छ। ओली कहिले पनि लोकतन्त्र प्रति इमान्दार भएको देखिएन। जो पार्टी राष्ट्रिय प्रजातन्त्रसँग गोप्य गठबन्धन गरी निर्वाचनमा जान्छ र जित्छ भने भोलीको दिनमा उनी कत्ता ढल्छन् भने ठेगान छैन।

स्थानीय निर्वाचन परिणामलाई समीक्षा गर्दा के देखिन्छ भने पाँचै पार्टीहरू एकै ठाउँमा आएर निर्वाचन लड्दा त एमालेको गठबन्धनले हम्मे हम्मे गरेको देखियो। यदि प्रादेशिक तथा संघीय निर्वाचनमा एक्लै एक्लै लड्दा सबै भन्दा ठूलो पार्टीको रूपमा नेकपा एमाले नै आउने बढी सम्भावना छ। हुनत अहिलेको अवस्था हेर्दा कुनै पार्टीलाई सजिलो बहुमत पुग्छ जस्तो लाग्दैन। निर्वाचन पछि अघिको अवस्था पुनः फर्किन्छ र पाँच वर्ष सरकारका लागि लडि रहने कुरा आउँछ। सिद्धान्त र निष्ठा कहाँ जान्छ ठेगान हुँदैन। देश विकासको चिन्ता छोडेर सबै पार्टी कसरी सरकारमा पुग्छौं भने कुरातिर नै लागेका हुन्छन्। यसैले यस्ता फोहरी खेललाई अहिले नै समाप्त गर्न अग्रगामी पार्टीहरू एक ठाउँमा आएर एक जूट भएर लाग्नु पर्ने देखिन्छ। यस्ता गठबन्धन गर्दा कहिले काँही आफ्ना आफ्ना स्वार्थलाई समेत केही त्याग गर्नु पर्ने हुन्छ।

नेपालमा लोकतन्त्र त आयो तर जनतासम्म लोकतन्त्र के हो नेताहरूले बुझाउन सकेको देखिएन। लोकतन्त्र भनेको सबभन्दा उत्तम व्यवस्था हुँदा हुँदै पनि चलाउन नसक्दा विभिन्न खोट हेर्न थाल्छन् र पछि व्यवस्था माथि नै प्रश्न उठाउन थाल्छन्। बेलायत लोकतन्त्रको जननी कहलाउँछ। त्यहाँ लिखित संविधान नभए पनि देश राम्रोसँग चलेकै छ। नेपालमा लिखित संविधान भएपनि कतिको पालन हुन्छ भने मूल्याङ्कनको समय आइ सकेको छ। यो व्यवस्था यस्तो छ जहाँ सबै वर्ग, धर्म, जाति, समूह आदिले आ-आफ्ना विचार खुल्ला रूपमा राख्न पाउँछन्। जनता बढी स्वतन्त्र अनुभव गर्छन। तर कहिले काँही केही नेताले लोकतन्त्रको उल्टा अर्थ लगाइ देशलाई नै भाँड भैलोमा लग्न खोज्छ। त्यसैले अहिले यस्ता पार्टी तथा नेतालाई नियन्त्रण गर्ने मौका छ त्यसका लागी पाँच दलीय गठबन्धनको निरन्तरताको अर्को विकल्प रहेको देखिँदैन।

निष्कर्षमा गठबन्धनमा सरिक पार्टीहरूले पनि आफ्नो औकातलाई राम्ररी विचार गरी गठबन्धनलाई निरन्तरता दिइ राख्नु पर्दछ भने जनताको माँग पनि यहि हो। जनतालाई डोऱ्याउने पार्टीका नेताहरू हुन् तर नेपालमा बिना सूझबुझ म जे भन्छु त्यही सबै कुरो हो भने अहमतालाई मनबाट निकाली दिनु पर्दछ। गठबन्धन पक्षीय विद्वानहरूका विचारलाई पनि स्वीकार्नु पर्ने देखिन्छ। राजनीतिक जानकारहरूलाई भेला गराई राम्ररी छलफल गराएर अगाडि बढ्नु पर्छ। पार्टीहरूले देश र जनता दुबैको भलो हुने कुरालाई अगाडि बढाउने कुरा आफ्नो मेनुफेस्टोमा उल्लेख गरी अगाडि बढनु पर्ने देखिन्छ। त्यस्ता मेनुफेस्टोका कुराहरू गठबन्धनका पार्टीहरूसँग पनि मेल खाएको हुनु पर्दछ। इतिश्री।

*लेखक त्रिविका सेवा निवृत सह-प्राध्यापाक तथा अन्वेषक हुनुहुन्छ।*

# चाडपर्वको निर्णय गर्दै स्थानीय सरकार

–पूर्णप्रसाद मिश्र

काठमाण्डु । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको रक्षाबन्धन, जनैपूर्णिमा र गाईजात्रा साउन २७ गते शुक्रबार एकैदिन पर्ने निर्णय गरेको छ। नेपालीहरूको धर्म, संस्कृति मूल्य, मान्यता र परम्पराको संवाहक र निर्देशक कार्यतालिका पात्रोलाई मानिन्छ।सामान्यतया तिथि, बार, नक्षत्र, योग, करण यी पाँच विषय पात्रोमा हुने भएकाले यसलाई पञ्चाङ्ग भन्ने गरिएको हो।

पञ्चाङ्गको निर्णयका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले एक समिति गठन गर्छ। उक्त समितिले धर्मशास्त्रविद्, ज्योतिषिलगायत विद्वान्को सहभागितामा बैठक गरी चाडपर्वको निर्णय गर्ने गर्छ। समितिले यस वर्ष स्वीकृत गरेका पात्रो (पञ्चाङ्ग) मा साउन २७ गते रक्षाबन्धन र गाईजात्रा पर्व पर्ने उल्लेख छ।



समितिको यस वर्षको दुबै पर्व एकै दिन मनाउने निर्णय काट्दै भक्तपुरका दुई स्थानीय तहले फरक निर्णय गरेका छन्। भक्तपुरको मध्यपुरथिमि र भक्तपुर नगरपालिकाले साउन २६ गते बिहीबार रक्षाबन्धन (जनैपूर्णिमा) र साउन २७ गते शुक्रबार गाईजात्रा पर्व मनाउने निर्णय गरेका हुन्। यो निर्णयसँगै चाडपर्वका बारेमा निर्णय गर्ने अधिकार स्थानीय सरकारलाई छ कि छैन भन्ने बहस पनि चलेको छ।

मध्यपुरथिमि नगरपालिकाले साउन २३ गते सोमबार सरोकारवालासँग बैठक गरी यस्तो निर्णय गरेको सार्वजनिक भएको छ। यसवर्षको गुन्हुँपुन्ही (जनैपूर्णिमा) साउन २६ गते बिहीबार र सापारु (गाईजात्रा) साउन २७ गते शुक्रबार मनाउने नगरपालिकाको निर्णय छ।

नगरपालिकाले आयोजना गरेको छलफलमा सरोकारवालाले नेवारी परम्परागत संस्कृतिमा एकै दिन दुई पर्व मनाउन व्यावहारिक नभएको गुनासो गरेको नगरपालिकाले जनाएको छ। ज्योतिषशास्त्रअनुसार तोकिएकै तिथिमा सांस्कृतिक पर्व मनाउनुपर्छ। नेवारी संस्कृतिमा कतिपय अवस्थामा सो अव्यावहारिक हुने गरेकाले दुई दिन मनाउने निर्णय गरिएको नगरप्रमुख सुरेन्द्र श्रेष्ठले छलफलमा जानकारी गराउनुभयो। समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख भएअनुसार साउन २६ गते बिहान पौने ११ बजेदेखि २७ गते बिहान सवा ७ बजेसम्म पूर्णिमा तिथि छ। त्यसैले पात्रोमै उल्लेख भएअनुसार २६ गते नै जनैपूर्णिमा मनाउने निर्णय गरिएको उहाँले सुनाउनुभयो।


नगरपालिकाको छलफलमा वडा नं ८ बोडेको ऐतिहासिक एवं धार्मिक महत्वको नीलबाराही देवगणको द्यः प्याखँ गाईजात्राको भोलिपल्ट द्वितीयादेखि प्रदर्शन गर्नुपर्ने परम्परा रहेको विषयमा पनि छलफल भएको थियो। यसका लागि २७ गते गाईजात्रा मनाउनुपर्ने सुझाव द्यः प्याखँका नाइके प्रेमचन्द्र अदुवा श्रेष्ठले दिनुभएको विवरण नगरपालिकाले सार्वजनिक गरेको थियो। यसअघि भक्तपुर नगरपालिकाले पनि तलेजुका पुजारीसँगको छलफलपछि साउन २६ गते जनैपूर्णिमा र २७ गते गाईजात्रा मनाउने निर्णय गरेको समाचार सार्वजनिक भएको थियो।

पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारी स्थानीय सरकारलाई चाडपर्वको निर्णय गर्ने अधिकार भए नभएको विषयमा आफूले भन्न नसक्ने बताउनुभयो। समितिले धर्मशास्त्रविद् र ज्योतिषिसमेत बसेर निर्णय गरेकाले यो शास्त्रसम्मत रहेको जानकारी पनि उहाँले दिनुभयो। "पूर्णिमा तिथिको पूर्वार्द्धमा भद्रा हुन्छ, भद्रामा श्रावणी र फाल्गुनी नगर्नु भन्ने शास्त्रीय मत छ, यसैले परम्परा र व्यावहारिकतालाई पनि हेरेर साउन २७ गते शुक्रबार रक्षाबन्धन र गाईजात्रा दुवै पर्व मनाउने निर्णय गरिएको हो, सापारु शब्दले नै प्रतिपदा तिथिका दिन गाईजात्रा मनाउनुपर्ने भन्ने बुझिन्छ"-उहाँले भन्नुभयो।

संस्कृति मन्त्रालयका प्रवक्ता डा टोकराज पाण्डे पनि स्थानीय चाडपर्वका विषयमा मात्र स्थानीय सरकारले निर्णय गर्ने बताउनुभयो। राष्ट्रिय रूपमा मनाउने चाडपर्वका बारेमा पञ्चाङ्ग निर्णायक विकास समितिले नै निर्णय गर्दा विज्ञता पुग्छ भन्ने मान्यतामा समितिको गठन आदेशमा व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो। मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गर्दै चाडपर्व सम्बन्धी निर्णय, पात्रो एवं भित्तेपात्राको स्वीकृति र ज्योतिष एवं कर्मकाण्ड क्षेत्रलाई व्यवस्थित गर्ने अधिकार समितिलाई दिएको छ।

समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेल चाडपर्वका बारेमा नगरपालिकाले निर्णय गर्दा गलत नजिर बस्ने बताउनुभयो। साउन २७ गते रक्षाबन्धनपछि गाईजात्रा भ्याइँदैन भन्ने तर्क हुन नसक्ने उल्लेख गर्दै उहाँले साउन २६ गते सूर्योदयकालमा चतुर्दशी तिथि र अपराह्नकालमा पूर्णिमा तिथि लागेपछि भद्रा हुने भएकाले रक्षाबन्धन त्यसदिन हुन नसक्ने उहाँले सुनाउनुभयो। विश्व ज्योतिष महासङ्घका अध्यक्ष लोकराज पौडेल चाडपर्व मनाउँदा शास्त्रीय मान्यता अनुसार नै मनाउनुपर्ने भएकाले समितिको निर्णय उचित रहेको बताउनुभयो।

# महिला सङ्घको ७५औँ स्थापना दिवस विविध कार्यक्रम गरी मनाइँदै



काठमाडु । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल महिला सङ्घको ७५औँ स्थापना दिवस आज देशभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ।

दैनिक चुलोचौकामा सीमित महिलालाई नेपाली राजनीतिमा स्थापित गर्नका लागि महिलानेत्री मङ्गलादेवी सिंहको सक्रियतामा विसं २००४ साउन २४ गते नेपाल महिला सङ्घको स्थापना भएको हो । सिंहको सक्रियतामा काठमाडौँको भेडासिंस्थित चिनियाँलाल श्रेष्ठको घरमा भूमिगतरूपमा महिला भेला भएको थियो । सो भेलाले मङ्गलादेवी सिंहका अध्यक्षतामा सङ्घको पहिलो ११ सदस्यीय तदर्थ कार्यसमिति गठन भएको थियो । नेपाली कांग्रेस स्थापना भएकै ताका सङ्घको स्थापना भएको हो ।

महिला अधिकारका लागि स्थापना भएको राजनीतिक सङ्गठन स्थापना भएको साउन २४ लाई नै नेपाली राजनीतिमा महिलाहरूको प्रवेशका लागि कोशेढुङ्गाका रूपमा लिने गरिन्छ । नेपाली कांग्रेसकी नेत्री एवं पूर्वउपप्रधानमन्त्री सुजाता कोइराला नेपाली राजनीतिमा महिलाको ठूलो योगदान रहेको बताउनुहुन्छ । "लोकतन्त्र स्थापनामा नेपाली महिलाको महत्वपूर्ण भूमिका रहेको छ", उहाँ भन्नुहुन्छ ।

नेत्री कोइराला नेपाली महिलाले नेपाली राजनीतिमा गरेको योगदानको आधारमा आगामी निर्वाचनमा महिलालाई टिकट दिनुपर्ने बताउनुहुन्छ। घरभित्रको काममा सीमित महिला विसं २००४ मा सङ्गठित भएसँगै विसं २००७, २०३६, २०४६ र २०६२/६३ मा भएको राजनीतिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो ।

नेपाल महिला सङ्घकी निवर्तमान अध्यक्ष एवं महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मी महिला आन्दोलनका कारण प्रतिनिधि तथा प्रदेशसभामा ३३ प्रतिशत महिलाको अधिकार सुनिश्चित भएको हो भन्नुहुन्छ । "स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक महिला हुनुपर्ने, राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक महिला हुनुपर्ने, सभामुख र उपसभामुखमध्ये एक महिला हुनुपर्ने नियम महिला आन्दोलनका कारण भएको हो", उहाँ भन्नुहुन्छ ।

देशको कुल जनसङ्ख्याको आधा जनसङ्ख्या भएको महिलालाई हरेक क्षेत्रमा बराबर अधिकार स्थापित गर्नका लागि आगामी दिनमा महिला सङ्घ लाग्नुपर्ने उहाँको भनाइ छ ।

सङ्घकी पूर्वअध्यक्ष एवं सांसद डा डिला सङ्ग्रौला पन्त महिलाले निर्वाचनमा जुन हिसाबले टिकट पाउनुपर्ने हो त्यो पाउन नसकेको गुनासो गर्नुहुन्छ । "देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी जनसङ्ख्या रहेको महिलालाई जनसङ्ख्याको अनुपातमा टिकट दिँदा पुरुष पनि समानुपातिकमा जाने मौका पाउन सक्छन्, यो पुरुष र महिला दुवैका लागि राम्रो कुरा हो", उहाँ भन्नुहुन्छ। राजनीतिक दलले महिलालाई प्रत्यक्षमा निर्वाचन लड्ने मौका दिनुपर्ने उहाँको भनाइ छ।

विसं २००३ मा कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर जुटमिलमा भएको आन्दोलनमा दिव्यादेवी कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरीलगायतका जेल पर्नुभएको थियो । उहाँहरू महिला अधिकार र श्रमिक अधिकारका लागि आन्दोलन गर्दागर्दै जेल पर्नुभएको हो । विसं २००७ को क्रान्तिपछि पार्टीहरू स्वतन्त्र भएपछि नेपाल महिला सङ्घले पनि खुलारूपमा काम गर्न थालेको थियो ।

कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतम महिला आन्दोलनका कारण पछिल्लो समय महिलाहरू राजनीति र देशका अन्य तहमा पुगेको बताउनुहुन्छ। "महिला आन्दोलनको उपलब्धि जुन हिसाबले अगाडि बढ्नुपर्ने हो, त्यो बढ्न नसक्नु दुःखको कुरा हो, तर संविधानमा ३३ प्रतिशत महिला अधिकार सुनिश्चित गरेको छ त्यो महिला आन्दोलनका कारण भएको हो", उहाँ भन्नुहुन्छ ।

महिला नेत्री गौतम अहिले प्राप्त महिला अधिकारको रक्षा गर्दै आगामी दिनमा अगाडि बढ्नुपर्ने बताउनुहुन्छ । महिला आन्दोलनकै कारण देशको कार्यकारी पदमा महिला पुगेको उहाँको भनाइ छ ।रासस

# राजधानीका सम्बन्धमा कसैसित सम्झौता हुँदैन : प्रमुख कोइराला



**टुडे समाचारदाता ।**

विराटनगर । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले विराटनगरलाई स्थायी राजधानी बनाउन कसैसँग सम्झौता नहुने बताउनुभएको छ। राससससँगको कुराकानीमा उहाँले राजधानीका लागि आवश्यक भौतिक संरचना निर्माणका लागि महानगरले सहयोग गर्न तयार रहेको स्पष्ट पार्नुभयो ।

स्थायी राजधानीका संरचना निर्माण गर्न भन्दै प्रदेश सरकारले जग्गा खोजीका लागि समिति गठन गरेको छ । प्रमुख कोइरालाले विराटनगर महानगर क्षेत्रभित्रै राजधानीका लागि आवश्यक पर्ने सबै भौतिक संरचना निर्माण हुनुपर्नेमा जोड दिँदै भन्नुभयो, "धेरै संरचना निर्माण भइसकेका छन्, प्रदेशका संरचना निर्माणका लागि जग्गा आवश्यक परे महानगरले उपलब्ध गराउँछ।"

वृहत्तर विराट क्षेत्रको अवधारणालाई आधार मानेर प्रदेश सरकारले विराटनगरलाई राजधानी तोकेको थियो । जसले विराटनगरभन्दा बाहिर पनि राजधानीका संरचना निर्माण गर्न सक्ने अवस्था छ। वृहत्तर विराट क्षेत्रले १८ पालिका समेटेको छ। प्रदेश सरकारले औपचारिकरूपमा महानगरलाई जग्गाका लागि आग्रह गरे उपलब्ध गराउन तयार रहेको प्रमुख कोइरालाको भनाइ छ ।"अहिलेसम्म प्रदेश सरकारका तर्फबाट राजधानीका लागि भौतिक संरचना निर्माण गर्न जग्गा उपलब्ध गराउन भनेर औपचारिक एउटा पनि पत्र आएको छैन", प्रमुख कोइरालाले भन्नुभयो, "औपचारिक कार्यक्रममा भेटेका बेला लु जग्गा उपलब्ध गराइदिनुहोस् भनेर त भएन नि, सबैको आफ्नै विधि र विधान हुन्छ । महानगरमा औपचारिक पत्र आए छलफल गरेर जग्गा उपलब्ध गराउँछौँ ।"

राजधानीका संरचना एकै ठाउँ हुनुपर्नेमा उहाँको जोड छ । एउटै कम्पाण्डभित्र संसद्सहित सबै मन्त्रालय भए काम गर्नसमेत सहज हुने उहाँको बुझाइ छ । "मन्त्रालयहरू छरिँदा संसद् सञ्चालनमा समेत समस्या आउनेछ", प्रमुख कोइरालाले भन्नुभयो, "एकजना मन्त्री संसद्मा उपस्थित नभई संसद् सञ्चालन हुँदैन, टाढाबाट मन्त्री आउँदा समय पनि खेर जान्छ। एउटै पर्खालभित्र संसद्, मुख्यमन्त्री र अन्य मन्त्रालय भएमा जनतालाई मात्रै होइन, प्रदेश सरकारलाई पनि सरकार सञ्चालनमा सहज हुन्छ।"

राजधानीका संरचना छरिँदा प्रदेशमाथि व्ययभारसमेत थपिने भन्दै प्रमुख कोइरालाले राजधानी भनेको अंशवण्डा गरेजस्तो होइन, धेरैतिर संरचना छरिँदा मन्त्रालयबीच समन्वयको अभाव हुन्छ, प्रदेशसभा र मन्त्रिपरिषद् कार्यालय आउँदा र जाँदा समय बर्वाद हुन्छ । इन्धन खर्च बढ्छ, हामीले एउटा कोणबाट मात्रै हेरेर भएन सबै कोणबाट हेर्नुपर्छ भन्नुभयो ।रासस

# सांसदको प्रश्न "सरकारले कर्मचारीको तलबमा किन विभेद गर्दैछ ?"

काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरूले सरकारले सरकारी कर्मचारीको तलबमा विभेद गर्न नहुने बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा बोल्दै सांसद हृदयेश त्रिपाठीले सरकारले कुनै कर्मचारीलाई १५ प्रतिशत मात्रै र कुनैलाई २६ प्रतिशत तलब वृद्धि गर्नु गलत भएको तर्क गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारी कर्मचारीका निम्ति सरकारले तलब वृद्धि गरेको छ, यसमा एउटा दुविधा देखिएको छ, राजपत्र अनङ्कित कर्मचारी १५ प्रतिशत र राजपत्र अङ्कित कर्मचारीका लागि २४ देखि २६ प्रतिशत तलब वृद्धि हुने भएको छ, जसले गर्दा नायब सुब्बाहरू आन्दोलनमा छन्, त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।" संविधान जारी भएपछि सबैभन्दा पहिला निजामती ऐन जारी हुनुपर्ने बताउँदै समयमै ऐन जारी नभएका कारण पनि निजामती सेवामा केही समस्या हुने गरेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "ऐन नबन्दा सुशासनभन्दा पनि शासन गर्न गाह्रो भइरहेको छ, ऐन नहुँदा प्रदेश लोक सेवा आयोगले पूरा काम गर्न सकेको छैन, स्थानीय सेवा र प्रदेश सेवाको गठन हुन सकेको छैन, स्थानीय तहमा आठ प्रकृतिका कर्मचारी छन्, जसलाई समायोजन गर्न सकिएको छैन, निजामती सेवाको बनावट र वितरण त्रुटिपूर्ण छ ।" सांसद निरादेवी जैरुले सप्तकोसीमा भएको बाढीका कारण त्यस क्षेत्रका नागरिक मर्कामा परेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। काठमाण्डुको फोहर व्यवस्थापन गर्नुपर्ने उहाँको माग छ। उहाँले दलित समुदायका व्यक्तिलाई हेपेर 'कुकुर' 'कुकुर्नी' जस्ता नाम राखेर नागरिकता दिने गरिएको भन्दै नागरिकता वितरण गर्ने सम्बन्धित व्यक्तिलाई कारबाही गर्नुपर्ने माग गर्नुभयो ।रासस

# पर्वतको जलजला घटनाका पीडितलाई राहत माग

काठमाडु । प्रतिनिधिसभाको आजको बैठकमा सांसद पदम गिरीले पर्वत जिल्लाको जलजला-७ धाइरिङ, धारापानीमा सोमबार विद्युत् प्राधिकरणको लापरबाहीका कारण स्थानीय सीता केसीको मृत्यु भएको जानकारी गराउँदै उहाँको परिवारलाई क्षतिपूर्तिको माग गर्नुभएको छ ।

बैठकको सुरुमै सभामुखसँग समय माग गरी सांसद गिरीले भन्नुभयो, "विद्युत् प्राधिकरणको लापरबाही र असावधानीका कारण ११ केभिए प्रसारण विद्युत् गाउँमा पस्दा ५० वर्षीया सीता केसीको मृत्यु भएको छ र यसबाट १३ जना स्थानीय गम्भीर घाइते भएका छन् । मृतकका परिवार तथा घाइतेहरूलाई क्षतिपूर्तिको व्यवस्था होस् ।

मृतक सीता केसीको परिवारका कम्तीमा एकजना सदस्यलाई रोजगारीको व्यवस्था गर्नुपर्ने र भौतिक क्षतिको क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने उहाँको माग छ। विद्युत्को भौतिक संरचना बलियो नहुँदा घटना भएको उहाँको भनाइ थियो ।रासस

# प्रधानमन्त्री देउवा र नेता खनालबीच भेटवार्ता

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवासँग नेकपा (एकीकृत समाजवादी ) का सम्मानित नेता झलनाथ खनाल नेतृत्वको प्रतिनिधिमण्डलले भेट गरी नेपालको चियालाई भारतले थप ४० प्रतिशत कर लगाएको विषयमा ध्यानाकर्षण गराएको छ।

पूर्व प्रधानमन्त्री खनाल नेतृत्वको प्रतिनिधिमण्डलले बालुवाटारस्थित प्रधानमन्त्री निवासमा मंगलबार प्रधानमन्त्री देउवासँग भेट गरेको हो । सो अवसरमा स्वदेशी चिया व्यवसायीको समस्याका विषयमा भएको छलफलपछि प्रधानमन्त्री देउवाले समस्या समाधानका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको पूर्व प्रधानमन्त्री खनालका स्वकीय सचिव कृष्ण भट्टराईले जानकारी दिनुभयो ।

उक्त भेटमा प्रधानमन्त्री देउवा र नेता खनालबीच समसामयिक राष्ट्रिय राजनीति, राष्ट्रिय अर्थतन्त्र र विदेश नीति, आगामी निर्वाचन र गठबन्धन लगायतको विषयमा समेत छलफल भएको बताइएको छ ।रासस


प्रदेश सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजनका कार्यान्वयन एकाई, धनुषा

**प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रकाशित मिति : २०७९/०४/२५ गते बुधवार

यस परियोजनाको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्नको लागि प्रस्ताव माग गर्ने निर्णय भएको हुँदा प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७८/०५/२३) भित्रमा **माछा सुपर जोन प्रभाव क्षेत्र** (औरही गाउँपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, सबैला नगरपालिका, मिथिला विहारी नगरपालिका, धनौजी गाउँपालिका, लक्ष्मीनिया गाउँपालिका र क्षिरेश्वरनाथ न.पा.) तथा **धानजोन प्रभाव क्षेत्र** (औरही गाउँपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, विदेह नगरपालिका, हँसपुर नगरपालिका (वडा नं. ४,६,९) शहिद नगरपालिका, जनकपुर उप-महानगरपालिका (वाड नं. १७ र १८) र **आँप जोन प्रभाव क्षेत्र** (गणेशमान चारनाथ न.पा., मिथिला न.पा., बटेश्वर गा.पा., धनुषाधाम न.पा. (वडा नं. ६ र ९) भित्रका यस परियोजनामा सूचिकृत भएका कृषक समूह/सहकारी संस्था/कृषि उद्यमीहरुलाई प्रस्ताव आव्हान गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र. सं. | कार्यक्रमको नाम | माग संख्या | परियोजना क्षेत्र | अनुदान रकम |
|---|---|---|---|---|
| १. | सिंचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार | १२ संख्या | माछा सुपरजोन, धान जोन र आँप तर्फ | कार्यक्रम अनुसार |
| २. | जोन, सुपरजोन क्षेत्रमा कृषि यन्त्रिकरण सहयोग | ३ पटक | माछा सुपरजोन र धान जोन तर्फ | कार्यक्रम अनुसार |
| ३. | साना सिंचाई कार्यक्रम | ८५ संख्या | माछा सुपरजोन, धान जोन र आँप तर्फ | कार्यक्रम अनुसार |
| ४. | चक्लाबन्दी आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि पूँजिगत सहयोग | ४ संख्या | माछा सुपरजोन, धान जोन र आँप तर्फ | कार्यक्रम अनुसार |
| ५. | मत्सय पोखरी निर्माण | ४० हेक्टर | माछा सुपरजोन तर्फ | कार्यक्रम अनुसार |
| ६. | चैत धान क्षेत्रफल विस्तार | २२५ हेक्टर | धान जोन तर्फ | कार्यक्रम अनुसार |
| ७. | माछा ह्याचरी पलान्ट मर्मत तथा निर्माण | १ पटक | माछा सुपरजोन तर्फ | कार्यक्रम अनुसार |
| ८. | सिंचित क्षेत्र विस्तारका लागि डिप ट्यूववेल जडान | १ संख्या | माछा सुपरजोन, धान जोन र आँप तर्फ | कार्यक्रम अनुसार |
| ९. | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (आँप) | २० हेक्टर | आँप जोन तर्फ | कार्यक्रम अनुसार |
| १०. | जिउँदो माछा पसल स्थापना तथा सुदृढिकरण | ३ संख्या | माछा सुपरजोन तर्फ | कार्यक्रम अनुसार |

- आवश्यक कागजातः प्रस्ताव फारममा उल्लेख भए बमोजिम ।
- प्रस्ताव फारम यस परियोजनाको वेभसाइट piudhanusha.pmamp.gov.np बाट download गर्न सकिनेछ ।

**नोट**ः विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाई, धनुषा जनकपुरधाममा सर्म्पक राख्न हुन अनुरोध छ। सम्पर्क नं. ०४१-४२६४०४ र मो.नं. ९८५४०२००५३, ९८५४०२४२३४

**वरिष्ठ कृषि अधिकृत**


# आमनिर्वाचनलाई निष्पक्ष, भयरहित, विश्वसनीय र मितव्ययी बनाइनेछ : प्रमुख निर्वाचन आयुक्त



काठमाण्डु । निर्वाचन आयोगले यसअघि अपनाइएका असल अभ्यासलाई आत्मसाथ गरी बढीभन्दा बढी जनताको सहभागितामा निष्पक्ष, विश्वसनीय, मितव्ययी र भयरहित ढङ्गबाट आमनिर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

आयोगद्वारा आज यहाँ आयोजित स्थानीय तह निर्वाचन, २०७९ निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षा कार्यक्रमको प्रगति समीक्षा गर्नेक्रममा आयोगले निर्वाचनका क्रममा यसअघि प्राप्त रायसुझाव, प्रतिक्रिया र असल अभ्यासलाई समेटेर ऐतिहासिकरूपमा निर्वाचन सफल बनाउने दृढता व्यक्त गरेको हो।

आयोगले गत स्थानीय तहको निर्वाचनमा दुर्गम गाउँबस्तीका अशिक्षित जनताको तुलनामा सहरी क्षेत्रका शिक्षित जनताबाट मतदान कम भएकामा चिन्ता व्यक्त गर्दै त्यसतर्फ जिम्मेवार आमसञ्चार माध्यमको ध्यान जानुपर्नेमा जोड दिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले समयावधि कम भएकाले गत स्थानीय तहको निर्वाचनमा सोचेजति काम गर्न नसकिएको स्पष्ट गर्दै यसअघिका राम्रा पक्षलाई समेत समेटेर आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सरल, सहज र मितव्ययी ढङ्गबाट सम्पन्न गर्ने दृढता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो,"निर्वाचनको सर्वमान्य सिद्धान्त अवलम्बन गरी सबैलाई समान व्यवहार गर्ने गरी कामकारवाही हुनेछ, बढीभन्दा बढी जनताको सहभागितमा स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न प्रतिबद्ध आयोगले सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गरेको छ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले आमसञ्चार माध्यमसहित राज्यका जिम्मेवार सबै निकायसँग साझेदारी र सहकार्य गरी आसन्न आमनिर्वाचन सम्पन्न गर्ने पक्षमा आयोग रहेको स्पष्ट गर्नुभयो । निर्वाचन प्रचारप्रसारका क्रममा राज्यद्वारा सञ्चालित आमसञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उहाँले आफ्नो स्रोतसाधनको अधिकतम सदुपयोग गरी निर्वाचन प्रक्रियामा सरिक हुन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो।

प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र संस्थान, रेडियो नेपालजस्ता सार्वजनिक सञ्चार माध्यम नेपालको लोकतान्त्रिक इतिहासको जिउँदो साक्षी रहेको चर्चा गर्दै आसन्न निर्वाचनमा पनि मुलुकका जिम्मेवार आमसञ्चार माध्यमबाट स्वस्फूर्त रूपमा साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

निर्वाचन आयुक्त डा जानकी तुलाधरले निर्वाचन कार्यतालिकाअनुसार अब द्रुतगतिमा निर्वाचन कार्यक्रमअघि बढ्ने बताउँदै आसन्न आमनिर्वाचनलाई ऐतिहासिकरूपमा सम्पन्न गर्ने काममा मुलुकका जिम्मेवार सार्वजनिक सञ्चार माध्यमबाट यसअघि जस्तै सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

निर्वाचन आयुक्त सगुन शम्सेर राणाले निर्वाचन आयोगसँग सम्बन्धित संवेदनशील विषयमा समाचार सम्प्रेषण गर्नुअघि पुष्टि गरेर मात्र समाचार सम्प्रेषण गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो।

राससका महाप्रबन्धक सिद्धराज राईले गत स्थानीय तहको निर्वाचनलाई प्राथमिकता दिई समाचार सामग्री प्रयोग गरेको जानकारी दिँदै आसन्न आमनिर्वाचनसम्बन्धी समाचार सम्प्रेषण प्रक्रियालाई प्रभावकारी बनाउन छिट्टै अभिमुखीकरण तालिम आयोजना गर्न लागेको बताउनुभयो। नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीरजङ्ग शाहले आमनिर्वाचन सम्पन्न गर्ने अभिभार पूरा गर्न आफ्नो तर्फबाट कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले राष्ट्र्व्यापी रूपमा पहुँच भएको रेडियो नेपाल समाचार सामग्रीसहित सन्देशमूलक कार्यक्रम प्रसारण गरी प्रचारप्रसारमा सक्दो भूमिका निर्वाह गर्न तयारी अवस्थामा रहेको जानकारी दिनुभयो ।रासस

# मलेसियामा कोभिडका सङ्क्रमित घटेनन्

सिन्ह्वा

क्वालालम्पुर । मलेसियामा पछिल्लो समयमा कोभिडका सङ्क्रमित घटेका छैनन् । यहाँ गएको २४ घन्टायता मात्र कम्तीमा पनि दुई हजार ८६३ जनामा कोभिडको सङ्क्रमण देखिएको छ ।

मलेसियाका स्वास्थ्य क्षेत्रका अधिकारीले पछिल्लो सयममा यहाँ कोभिडका सङ्क्रमित बढ्दै गएको र अहिलेसम्म देशका ४७ लाखभन्दा बढीमा सो सङ्क्रमण फैलिएको छ ।

चौविस घन्टायता छ जना सङ्क्रमितको कोभिडकै कारण ज्यान गएसँगै मलेसियामा कोभिडको सङ्क्रमणबाट ज्यान जानेको संख्या ३६ हजार ३२ जना पुगेकोसमेत जनाइएको छ ।

देशभर अहिले पनि ४३ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् । गम्भीर बिरामी भएका केहीको सघन उपचारकक्षमा उपचार भइरहेको छ ।

# आणविक बम विष्फोटको ७७औँ वार्षिकी



सिन्ह्वा

टोकियो । जापानको नागासाकी सहरमा मङ्गलबार आणविक बम आक्रमणको ७७औँ वार्षिकी आयोजना गरिएको छ । कार्यक्रममा अन्तरराष्ट्रिय समुदायले जापानलाई आफू पीडितको रुपमा मात्र नलिन आग्रह गरेको छ । मङ्गलबारको वार्षिकीमा जापान सरकारले कोभिड-१९ का प्रतिबन्ध खुकुलो बनाएर थप मानिसलाई उपस्थित हुन अनुमति दिइएको थियो ।

त्यस अवसरमा ८० भन्दाबढी राष्ट्रका अधिकारी र प्रतिष्ठित व्यक्तित्वको उपस्थिति रहेको थियो । साथै आणविक बमबाट बाँचेका र मृतकका आफन्तहरुको पनि सहभागिता रहेको थियो ।

उनीहरुले यस दिनलाई दुःखद् दिनका रुपमा स्मरण गरेका थिए । उनीहरुले यस्तो विनाशकारी दिन जापानमात्र नभई संसारमा नै कहिल्यै नआओस् भन्ने कल्पना पनि गरेका थिए । सन् १९४५ मा आजकै दिन बिहान ठीक ८ः१५ बजे जापानको हिरोसिमामा नगरमा अमेरिकी युद्धक विमानले बम खसालेको थियो ।

सन् १९४५ का अगस्त ६ र ९ का दिन जापानका हिरोसिमा र नागासाकी नगरमा संयुक्तराज्य अमेरिकाले दुई अणुबम खसालेको थियो । 'लिटिल ब्वाइ', र 'फ्याट म्यान' नाम दिइएका दुई बम विस्फोटबाट हिरोसिमा र नागासाकीमा गरी करिब एक लाख ४० हजार नागरिकले ज्यान गुमाएका थिए । यस बमको असरले कति नागरिकको मृत्यु भयो भन्ने कुराको यकिन तथ्याङ्क कतै भेटिँदैन ।

उक्त घटना भएको पाँच वर्षभित्र दुवै नगरमा विकिरणबाट प्रभावित थप एक लाख चार हजार नागरिकको मृत्यु भएको थियो । अमेरिकाविरुद्ध युद्ध लडेको जापानले यस अवधि र युद्धपश्चात् आफ्ना करिब दुई लाख पचास हजार नागरिकको ज्यान गुमायो ।तत्कालीन अवस्थामा योभन्दा बढी सङ्ख्याका जापानी विकिरणबाट उत्पन्न विभिन्न रोगका कारण अङ्गभङ्ग भई बाच्न विवश भए । युद्धकालमा विकिरणबाट प्रभावित कतिपय जापानी तथा तिनका सन्तान समेत अनेक रोगबाट पीडित छन् ।

हिरोसिमा नगरमा खसालिएको बम, २० हजार टन टीएनटी बराबरको थियो । उक्त बममा युरेनियम-२३५ नामक रासायनिक तत्व प्रयोग गरिएको थियो र त्यसलाई 'लिटिल ब्वाइ' भन्ने नाम दिइएको थियो । दश फिट लम्बाइको यस पारमाणबिक बमलाई इनोला गे उपनाम दिइएको बी-२९ सुपर फोर्ट्रेस बमवर्षक विमानको बाहिरी भागमा झुन्ड्याएको थियो ।

# अन्तर संस्था कप फुटबलको उपाधि नेर्पा स्पोर्टस् क्लबलाई



खोटाङ । दिक्तेलस्थित माटीकोरे खेलमैदानमा सम्पन्न 'प्रथम अन्तरसंस्था कप फुटबल प्रतियोगिता २०७९' को उपाधि नेर्पा स्पोर्टस क्लब नेर्पाले उचालेको छ । खोटाङ फुटबल एकेडेमी (केएफए)ले आयोजना गरेको सो प्रतियोगितामा आयोजक केएफएलाई शून्यका विरुद्ध एक गोल गर्दै नेर्पाले प्रथम उपाधि हासिल गरेको हो । प्रतियोगिताको पहिलो हाफको ३०औँ मिनेटमा नेर्पाका खेलाडी युवराज राईले गर्नुभएको गोल नै निर्णायक भएको थियो । जिल्लाका २२ संस्थाले सहभागिता जनाएको प्रतियोगितामा साकेला गाउँपालिका तेस्रो भएको छ ।

प्रतियोगितामा प्रथम हुने क्लबले नगद रु ४४ हजार चार सय ४४, दोस्रो हुनेले रु २२ हजार दुई सय २२ तथा तेस्रो हुनेले रु ११ हजार एक सय ११ का साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । विजयी खेलाडीलाई साकेला गाउँपालिका प्रमुख रविप्रकाश राई र जिल्ला फुटबल सङ्घ खोटाङका अध्यक्ष ध्रुवविक्रम राईले संयुक्तरूपमा नगद पुरस्कार तथा ट्रफी प्रदान गर्नुभएको छ ।

प्रतियोगिता अवधिभरका उत्कृष्ट खेलाडीमा नेर्पाका युवराज राई, उत्कृष्ट गोलरक्षकमा केएफएका सुरेश राई, सर्वाधिक गोलकर्तामा जिल्ला फुटबल सङ्घका सोनित राई, उत्कृष्ट प्रशिक्षकमा नेर्पाका सरोज गुरुङ र उत्कृष्ट मिडफिल्डरमा नेर्पाका अविरल राई र उत्कृष्ट डिफेन्डरमा केएफएका भीषण राई घोषित भएका छन् । उनीहरूलाई नगद रु दुई हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजक केएफएका महासचिवमा शैलेन्द्र बजिमयले बताउनुभयो ।

प्रतियोगिताको प्रथम पुरस्कार मनोज स्मृति प्रतिष्ठान दिक्तेलले प्रायोजन गरेको थियो । समापन कार्यक्रममा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा खोटाङलाई प्रदान गर्ने भनिएको रु पाँच हजार राशिको 'केएफए पत्रकारिता पुरस्कार' भने अर्को कार्यक्रमका अवसरमा प्रदान गर्ने जनाइएको छ ।

प्रतियोगिताबाट आठ संस्था छनोट गरेर सुपर लिग फुटबल प्रतियोगिता सञ्चालन गरिने आयोजक केएफएका अध्यक्ष नूरकाजी सैँजूले जानकारी दिनुभयो । फुटबल खेलको समग्र विकास गर्ने उद्देश्यले स्थापना भएको केएफएले जिल्लाका खेलाडीलाई निःशुल्क प्रशिक्षण तथा विभिन्न प्रतियोगिता सञ्चालन गर्दै आएको छ । विगत तीन वर्षदेखि निरन्तर तालिम गराउँदै आएको एकेडेमीबाट गत वर्षमात्रै एन्फामा सात जना खेलाडी पठाइएको प्रशिक्षक रोशेष श्रेष्ठले बताउनुभयो । "एकेडेमीमा बिनाशुल्क तालिम दिने गरिएको छ", उहाँले भन्नुभयो, "हामीले तालिम दिएका खेलाडी अहिले विभिन्न क्लब तथा ठाउँमा गएर स्थापित भएका छन् ।"

यसअघि एकेडेमीमा तालिम लिएका याम्खाका एवन बस्नेत हाल नेपाल पुलिस क्लबमा आवद्ध छन् । जिल्लामा फुटबल खेलको व्यावसायिक विकासमा लागेको एकेडेमीलाई गोल नेपाल र लिभर पुल फ्यान्स् नेपालले खेल सामग्री उपलब्ध गराउँदै आएको छ ।

एकेडेमीले उत्पादन गरेको खेलाडीलाई छात्रवृत्तिमा थप अध्ययन तथा तालिमका लागि राजधानी काठमाडौँ पठाउने गरिएको छ । गत वर्ष सात खेलाडीलाई कक्षा ११ र १२ अध्ययन तथा तालिमको सम्पूर्ण खर्च सम्बन्धित क्याम्पसले व्यहोर्ने गरी काठमाडौँको नयाँ बानेश्वरस्थित प्रिमियर कलेजले लगेको छ ।रासस

# इथियोपियाका खडेरी पीडितलाई सहायता उपलब्ध गराइने



सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घले इथियोपियाका खडेरी प्रभावितलाई मानवीय सहयताको खाँचो रहेकाले खाद्य उपलब्ध गराइने जनाएको छ ।

महासचिव एन्टोनियो गुटरेसका प्रवक्ताका अनुसार संयुक्त राष्ट्रसङ्घले मानवीय सहायता निकायलाई खडेरीबाट पीडित भएका एक करोड ६० लाख र बाढी प्रभावित १७ लाख इथियोपियालीलाई सहयोग गर्न आह्वान गरिएको छ ।

यहाँ गएको ४० वर्षयताकै सबैभन्दा खराबरुपमा खडेरी परेको पाइएको छ । यसबाट धेरैभन्दा धेरै नागरिक मानवीय सहायताको खाँचोमा परेका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसका प्रवक्ता स्टेफान डुजारिकले यहाँको खडेरी इतिहासकै सबैभन्दा खराब प्रकृतिको रहेको भन्दै यसबाट यहाँका लाखौँ मानिस विस्थापित भएका बताउनुभएको छ ।

उहाँले यो खडेरीका कारण यहाँका करिब ३५ लाख पशु चौपायासमेत मरेका जानकारी दिनुभएको छ । संयुक्त राष्ट्रसङ्घको मानवीय सहयातासम्बन्धी एजेन्सीलाई उद्धृत गर्दै उहाँले जनाएअनुसार यहाँका खडेरी पीडितमध्ये अधिकांशले खाद्यान्नको अभाव झेल्नुपरेको छ ।

साथै यहाँका बालबालिका तथा महिलाले आवश्यक पोषणको अभावमा विभिन्न प्रकृतिका रोगबाट झेल्नुपरेको पाइएको संयुक्त राष्ट्रसङ्घीय सो निकायले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घले यहाँ एकातर्फ खडेरीले मानिसमा यस्तो असर गरेको र अर्कातर्फ बाढीका कारण पनि धेरै नागरिकको ज्यान गएको र विस्थापित हुनुपरेको जनाएको छ ।

# आक्रमणमा दुई प्यालेस्टाइनीको मृत्यु, चालीस घाइते

एएफपी

नाब्लस (प्यालेस्टाइन क्षेत्र) । इजरायली सेनाले कब्जा गरेको वेस्ट बैंक सहर नाब्लसको एक घरमा छापा मार्दा मङ्गलबार एक वरिष्ठ लडाकू कमाण्डरसहित दुई प्यालेस्टाइनीको मृत्यु भएको सेनाले जानकारी दिएको छ । इजरायल र इस्लामिक जिहाद लडाकूबीचको भीषण लडाईपछि भएको युद्धविरामको कारण रोकिएको युद्धको दुई दिनपछि पुनःपछिल्लो हिंसा भएको छ । प्यालेस्टाइनी स्वास्थ्य मन्त्रालयअनुसार कम्तीमा ४० प्यालेस्टाइनी घाइते भएका छन् । ती मध्ये चारको अवस्था गम्भीर रहेको छ ।

आतङ्कवादी इब्राहिम अल-नाबुलसी र अर्का एक आतङ्कवादी नाब्लस शहरमा मारिएका इजरायली सेनाद्धारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ । प्यालेस्टिनीले सेनामाथि ढुङ्गा हानेपछि नाब्लसका अन्य भागमा पनि इजरायली सेनासँग झडप भएको थियो । मार्चको अन्त्यदेखि हालसम्म कम्तीमा ५७ प्यालेस्टाइनी मारिएका छन् । यी प्रायःवेस्ट बैंकका नै भएका समाचारमा जनाइएको छ ।

# राष्ट्रपतीय निर्वाचनमा केन्याली मतदाता



एपी

नैरोबी । देशमा स्थायीरूपमा शान्ति बहाल होस् भन्ने कामनाका साथ प्रार्थना गर्दै केन्यालीहरू राष्ट्रपतीय निर्वाचनमा सहभागी भएका छन् ।

भ्रष्टाचारमुक्त प्रशासन, आर्थिक उन्नयन र जातीय तनावबाट देशलाई मुक्त गर्ने नेतृत्व चाहेका उनीहरू मतदान गर्न लामबद्ध भएका छन् ।

गाँजालाई वैधानिकता प्रदान गर्नुपर्ने विषय उठाइरहेका राष्ट्रपति पदका उम्मेद्वार जर्ज वाजाकोया, लोकतान्त्रिक पद्धतिका पक्षधर रैला ओडिङ्गा र राजनीतिसँग बाल्यकालदेखि अभ्यस्त रहेका विलियम रुटोबीच प्रतिस्पर्धा हुँदैछ । इथियोपिया र सोमालियाजस्ता समस्याग्रस्त छिमेकीका कारण बेलाबखत हिंसाको दुश्चक्रमा फसेको केन्यालाई लोकतान्त्रिक प्रणाली भएको मुलुक मानिए पनि केही नेताहरूको दशकौंसम्म सत्तामा रहिरहने लिप्साका कारण विदेशी लगानीकर्ताहरू केन्याको राजनीतिक स्थायित्वलाई अधिक चासो र महत्वका साथ नियालीरहेका छन् । सयौँ मतदाता केही मतदानकेन्द्रमा मतदान सुरु हुनुअगावै लामबद्ध भएका छन् । उनीहरूलाई स्वयंसेवकहरूको सघाइरहेका छन् । केही स्थानमा विद्युतीय मतदान प्रणालीमा उत्पन्न समस्याबारे विवरणहरू सार्वजनिक भएका छन् ।

केन्याका जनताले लोकतान्त्रिक परिवर्तनको पक्षमा मतमार्फत चर्को स्वरमा बोल्ने उम्मेदवारहरूले बताएका छन् ।

असमानता, राज्यकोषबाट हुने अनियन्त्रित खर्च, खाद्यान्न र इन्धनको बढ्दो मूल्य, बेरोजगार युवाको जमात, भ्रष्टाचार नियन्त्रण र आर्थिक मुद्दालाई सम्बोधन गर्ने उम्मेदवारहरूका चुनावी प्रतिबद्धताप्रति मतदाता खासै आकर्षित भएका छैनन् ।

विकल्पविहीन मतदाता निर्वाचनप्रति त्यति उत्साहित छैनन् भने बुढा र अनुभवहीन उम्मेदवारलाई मतदान गर्नु आफ्नो बाध्यता भएको केही मतदाताले बताएका छन् । यद्यपि उनीहरूले शान्तिपूर्णरूपमा मतदान हुने विश्वास गरेका छन् । यो समाचार तयार पारिरहँदा हिंसाका घटना भएका छैनन् ।

# भारतमा तेह्र हजारभन्दा कम कोरोना सङ्क्रमित



सिन्ह्वा

नयाँदिल्ली । भारतमा एक दिनमा १३ हजारभन्दा कम कोरोना भाइरस सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १२ हजार ७५१ नयाँ सङ्क्रमित भएका हुन् । हिजो प्रकाशित तथ्याङ्कअनुसार आइतबार यहाँ १६ हजार १६७ व्यक्ति सङ्क्रमित भएका थिए ।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ४१ लाख ७४ हजार ६५० सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमबार सार्वजनिक गरेको छ । भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ३१ हजार ८०७ रहेको छ ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ४२ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २६ हजार सात सय ७२ व्यक्तिको मृत्यु भइसकेको छ । यहाँ कूल चार करोड ३५ लाखभन्दा बढी कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म दुई अर्ब छ करोड ५७ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ ।

भारतमा कोरोना सुरु भएयता हालसमम ८७ करोड ८० लाखभन्दा बढीको कारोना भाइरस परीक्षण भएको जनाइएको छ ।

# कुलो बगाउँदा विद्युत् आपूर्ति ठप्प

किमाथाङ्का । सङ्खुवासभाको सिलिचोङ गाउँपालिकामा पहिराले लघु जलविद्युत् आयोजनाको कुलो बगाउँदा गाउँ नै अन्धकार भएको छ ।

सिलिचोङ-१ को सिसुवाखोला, वडा नं २ को बाला र ३ को ताम्कुका आठ सय ६८ घरधुरीमा विद्युत् आपूर्ति ठप्प भएको छ ।

निरन्तर परेको अविरल वर्षाका कारण सिसुवाखोलामा आएको बाढीले विद्युत् गृहसम्म लैजाने कुलोको मुहानमा करिब ३० मिटर बगाएको विद्युत् उपभोक्ता समितिका अध्यक्ष खेमराज मेवाहाङले जानकारी दिनुभयो ।

पहिराले ६० किलोवाट क्षमताको सिसुवाखोला लघु जलविद्युत्को प्रसारण ठप्प भएको उहाँले बताउनुभयो । विद्युत् अपूर्ति ठप्प भएपछि त्यस क्षेत्रमा टेलिफोन सेवा अवरुद्ध भएको छ । विद्युत् ठप्प भएपछि राइस मिल बन्द भएका छन् ।रासस

# पूर्वराष्ट्रपति ट्रम्पको फ्लोरिडास्थित निवासमा एफबीआईको छापा



सिन्ह्वा

वासिङटन । अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको फ्लोरिडास्थित आफ्नो निवासमा एफबीआईले छापा मारेको एक समाचारमा जनाइएको छ ।

विभिन्न अन्तरराष्ट्रिय समाचार संस्थाले अमेरिकाका पूर्वराष्ट्रपति ट्रम्पले आफ्नो बयानमा ठूलो संख्यामा एफबीआईका एजेन्ट आएर आफ्नो निवासमा छापा मारेको बताएको जनाएका छन् ।

पूर्वराष्टपति ट्रम्पले फ्लोरिडाको मार ए लागो रिसोर्टमा एफबिआइका एजेन्ट आएर छापा मारेको जनाएको समाचारमा उल्लेख गरिएको छ । उनीहरुले उहाँको त्यहाँस्थित घरलाई नै नियन्त्रणमा लिएका छन् । एफबीआईको यो छापा उहाँ अमेरिकाको राष्ट्रपति हुँदा गरेका कतिपय कार्यका बारेमा अनुसन्धान गर्न सरकारी कागजात नियन्त्रणमा लिनका लागि गरिएको बताइएको छ ।

साथै गत वर्ष अमेरिकी संसद् भवनमा भएको हिंसाको पनि अनुसन्धान थालिएकोले त्यस विषयका लागि पनि यो छापामा मारिएको अनुमान गरिएको छ । यस विषयमा संसदीय छानबिन जारी रहेको छ । एफबीआईले ट्रम्पको फ्लोरिडास्थित निवासमा छापा मार्दा पूर्वअमेरिकी राष्ट्रपति न्युयोर्कको ट्रम्प टावरमा रहेका बताइएको छ ।

# इजरायली सेनाले हतियार तस्करीको प्रयास विफल पार्‍यो

सिन्ह्वा

जेरुसेलम । जोर्डनबाट हतियार तस्करी गर्न भएको प्रयासलाई इजरायली सेनाले असफल पारेको छ । नेगेभबाट हुनलागेको हतियार तस्करी आज विफल पारिएको इजरायली सेनाले बताएको हो ।

आठवटा बन्दुकसहित पाँचजनालाई पक्राउ गरिएको जनाउँदै सेनाले जारी गरेको विज्ञप्तिमा आतङ्ककारीहरूले नागरिक मार्ने प्रयोजनका निम्ति तस्करी गरेको ठानिएका ती हतियारसहित अभियुक्तहरूलाई प्रहरीको जिम्मा लगाइएका उल्लेख छ । बितेका छ महिनामा नेगेभबाट भएका हतियार तस्करीका १० वटा घटनामा एकसय ७० भन्दा बढी हतियार इजरायलले कब्जामा लिएको नेगेभ सीमा प्रहरीले जनाएको छ । गाजा क्षेत्रमा गत शनिबार र आइतबार प्यालेस्टिनी अतिवादीहरूले घातक आक्रमण गरेपछि इजरायलले सीमापार हतियार तस्करी रोक्न गुप्तरूपमा धेरै सुरक्षाकर्मी परिचालन गरेको छ ।

# 'मध्यपूर्वको शान्तिका निम्ति दुई राज्यको अवधारण उपयुक्त'



सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घका लागि चिनियाँ राजदूत झाङ जुनले प्यालेस्टाइन समस्या चाँडोभन्दा चाँडो समाधान गर्न दुई राज्यको अवधारणलाई आत्मसात गर्दै त्यसलाई अगाडि बढाउन अन्तर्राष्ट्रिय समुदायले ठोस कदम चाल्नुपर्नेमा जोड दिनुभएको छ ।

सुरक्षा परिषद्को आपत्कालीन बैठकको सोमबार अध्यक्षता गर्दै राष्ट्रसङ्घका लागि स्थायी चिनियाँ प्रतिनिधि जुनले प्यालेस्टाइन समस्या सम्बोधन गर्न दुई राज्यको समाधानलाई अगाडि बढाउन आग्रह गर्नुभयो ।

इजरायल र प्यालेस्टिनी इस्लामिक जिहादबीच आइतवार भएको युद्धविराम सम्झौताको चीनले प्रशंसा गरेको बताउँदै उहाँले युद्धविराम सम्झौतामा पुग्नु शान्ति स्थापनका निम्ति महत्वपूर्ण भएको र त्यो प्रारम्भिक चरणको प्रयास भएको उल्लेख गर्नुभयो । गाजा क्षेत्रमा हिंसा रोक्न युद्धविराम अपरिहार्य थियो भन्दै उहाँले त्यसको कार्यान्वयन पनि उत्तिकै महत्वपूर्ण भएको बताउनुभयो ।

गाजामा जतिसक्दो चाँडो शान्ति स्थापना गर्न कूटनीतिक प्रयास जारी हुनुपर्नेमा पनि उहाँले जोड दिनुभयो । प्यालेस्टिनी जनताको स्वतन्त्रता र राज्यको अधिकार उल्लङ्घन हुननहुने चीन सरकारको धारणा प्रस्ट गर्नुभयो । शान्ति प्रक्रियालाई जतिसक्दो चाँडो पुनर्जीवित गर्न अविलम्ब कूटनीतिक प्रयास हुनुपर्ने उहाँले बताउनुभयो । सोमबारकोआपत्कालीनबैठकचीन, संयुक्त अरब इमिरेट्स, फ्रान्स, आयरल्याण्ड र नर्वेको अनुरोधमा भएको हो ।



**राजविराजमा कृषकले लगाएको धान खेती** : सप्तरीको राजविराज नगरपालिका-११ स्थित खेतमा देखिएको हरियो धान। यस वर्ष समयमा वर्षाले साथ दिएपछि धान उत्पादनमा बृद्धि हुन सकिने अनुमान गरिएको छ।
*तस्वीर : रासस*

# विद्युतीय चुलोको प्रवर्द्धन गर्नुपर्नेमा जोड

काठमाण्डु । विद्युत् खपत बढाउन, स्वच्छ भान्छामा खाना पकाउन, वातावरणीय स्वच्छता कायम राख्न, महिलामाथिको कार्यबोझ कम गर्न र आयातित एलपी ग्यासको निर्भरता कम गर्न विद्युतीय चुलोको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको समन्वयमा जिआइजेड/इन्डेभले आज यहाँ आयोजना गरेको नेपालमा विद्युतीय चुलोको प्रवर्द्धन : भूमिका, उत्तरदायित्व, अवसर र अवधारणा विषयक कार्यशालाका सहभागीले मुलुक विस्तारै विद्युतीय ऊर्जामा आत्मनिर्भर हुन गइरहेको सन्दर्भमा विद्युतीय चुलाको प्रयोगलाई बढाउँदै लैजानुपर्ने र यसका लागि तीनै तहका सरकार, निजी क्षेत्र र सहयोगी दातृ संस्थाले उपयुक्त नीति, कार्यक्रम र योजना तर्जुमा गर्नुपर्ने आवश्यकता औँल्याएका थिए।

कार्यशालामा पूर्व जलस्रोत मन्त्री दीपक ज्ञवालीले स्वदेशी विद्युत् खपत बढाउन विद्युतीय चुलोको प्रयोगसँगै रोप-वेजस्ता प्रविधिहरूको प्रवर्द्धन गर्न सकिएमा आयातीति इन्धनको निर्भरता कम गर्न सकिने र यसले राष्ट्रिय अर्थतन्त्रमा बल पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले ग्रामीण क्षेत्रमा निर्माण गरिएका लघुजलविद्युत् आयोजना, वायोग्यासजस्त प्रविधिको दिगो सञ्चालनबाट स्वच्छ भान्छाको अभियान सफल हुने बताउँदैआम जनतादेखि नीतिनिर्माण गर्ने तहसम्म व्यवहार, प्रविधि र व्यवस्थापनमा नवीनता ल्याउन जरुरत रहेको उल्लेख गर्नुभयो।

सो अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव मधुप्रसाद भेटवाल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक कार्यकारी निर्देशक नवराज ढकाल, नेपाल विद्युत् प्राधिकरणका सञ्चालक सदस्य कपिल आचार्य, वातावरणविद् भुषण तुलाधर र ऊर्जाविद् डा इन्दिरा शाक्यले पनि नेपालको आर्थिक समृद्धि र जनताका जीवनस्तरमा सुधार ल्याउन विद्युतीय चुलोको प्रवर्द्धन गर्नुको विकल्प नभएको तर्क गर्नुभयो।

कार्यक्रममा अजम्बरी फाउण्डेशनका सुवर्ण कपालीले आयातित ग्यासलाई न्यूनीकरण गरी स्वदेशमै उत्पादन भएको विद्युत्को खपत बढाउने उद्देश्यले २०७५ सालदेखि विद्युतीय चुलो राष्ट्रिय अभियानको कार्यान्वयन र यसका सिकाइहरूका बारेमा तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका सहायक निर्देशक डा रणबहादुर थापाले विद्युतीय चुलोको कार्यान्वयन र प्रवर्द्धनका लागि सरकारले लिएका रणनीति र योजनाको बारेमा प्रस्तुतिकरण दिनुभएको थियो।रासस

# ई–सेवा मनी ट्रान्सफरको 'रेमिटोत्सव' योजना सम्पन्न

काठमाण्डु । ई-सेवा मनी ट्रान्सफरले विदेशबाट वैधानिक माध्यमबाट रेमिट्यान्स पठाउन सन्देशमुलक तथा सेवाग्राही मैत्री योजना 'रेमिटोत्सव' सम्पन्न गरेको छ।

वैशाख १ गतेबाट सुरू भएर साउन ४ गतेसम्म चलेको यस योजनाको मुख्य उद्देश्य स्वदेश तथा विदेशबाट हुने अवैधानिक रेमिट्यान्स गतिविधिलाई निरुत्साहित गर्दै वैधानिक रेमिट्यान्सलाई प्रोत्साहन र प्रवर्द्धन गर्नु रहेको छ।

'वैधानिक रूपमा रेमिट्यान्स पठाऔँ रेमिटोत्सव मनाऔँ' मूल नाराका साथ सम्पन्न यस अफरमा १४ हप्तासम्म संसारका २०० भन्दा बढी मुलुकबाट ई-सेवा मनी ट्रान्सफरमार्फत रेमिट्यान्स कारोबार गर्ने मध्ये हरेक दिन एक जनालाई गरी कुल ९८ जनालाई प्रत्येक दिन उपहार स्वरुप पाँच हजार रुपैयाँ प्रदान गरिएको थियो।

त्यस्तै, यस योजनाका बम्पर उपहार विजेता हाल कतारमा रहेका गोर्खा निवासी कमल कमर बनेका छन्। उनले ५० हजार रुपैयाँ प्राप्त गरेका छन्। उनले यस योजनाका समयमा कतारको युनिमोनी एक्सचेन्जबाट रेमिट्यान्स पठाएका थिए।




त्यस्तै, यसले व्यापार प्रवर्द्धनात्मक तथा सेवाग्राही मैत्री-डिजिटल रेमिट्यान्समा आइफोन जित्ने चान्स अफर समेत ल्याएको छ। विदेशबाट सोझै ई-सेवा वालेटमा पैसा लोड गर्न सकिने सन्देशमुलक यस अफरमा पैसा पठाउनेले आइफोन १३ जित्न सक्नेछन् भने नेपालमा प्राप्त गर्ने व्यक्तिले एक सय रुपैयाँ बोनस पाउनेछन्।

त्यस्तै विदेशबाट आएको नगद रेमिट्यान्स सोझै आफ्नो ई-सेवा वालेटमा प्राप्त गरी सेवाग्राहीले दुई सय बोनस समेत प्राप्त गर्न सक्ने कम्पनीले बताएको छ।

यस मनि ट्रान्सफरले आफ्ना सेवाग्राहीहरूलाई आफ्ना १२ हजारभन्दा बढी भुक्तानी केन्द्र तथा ई-सेवाका एक लाखभन्दा बढी क्यास प्वाइन्टबाट पनि विप्रेषण भुक्तानी सेवा प्रदान गर्दै आइरहेको छ।

# भायानेटको नयाँ शाखा अब महेन्द्रनगरमा

काठमाण्डु । भायानेट कम्युनिकेसनले आफ्नो सेवा विस्तार गर्ने क्रममो महेन्द्रनगरमा नयाँ शाखा विस्तार गरेको छ।

कम्पनीले नयाँ शाखा विस्तार भएको अवसरमा अल्ट्राफाई प्याकेजमा ४ महिनासम्मको फ्री-ओपनिङ अफर उपलब्ध गराएको छ। उक्त सेवा लिदा ग्राहकले इन्टरनेट, वाइफाई डिभाइस र भायाटिभीको प्राइमरी सेट-अप-बक्स इन्स्टलेसन निःशुल्क पाउनेछन्।

भायानेटको अल्ट्रा-फाई योजनामार्फत ग्राहकले सुपथ मूल्यमा उच्चस्तरको इन्टरनेटसँगै १७५ भन्दा बढी च्यानल भएको भायाटिभीको मजा लिन पाउनेछन्। यो सुविधा कम्पनीले सीमित अवधिको लागि ल्याएको बताएको छ।

भायानेट महेन्द्रनगर भिमदत्त नगरपालिका वडा नम्बर १८ प्रभु बैंक नजिकै खोलेको कम्पनीले जनाएको छ।

कम्पनीले ग्राहकहरूलाई विश्वस्तरीय, गुणस्तरीय सेवा प्रदान गर्न नोकिया, जुनिपर, सिस्को र सियना जस्ता अत्याधुनिक प्रविधिमैत्री विश्वका प्रसिद्ध ब्राण्डहरूसँग सहकार्य गरेको छ।

अत्याधुनिक प्रविधिको ब्रोडब्याण्ड सेवासँगै गुणस्तरीय टेलिभिजन सेवा प्रदान गरिरहेको कम्पनीको शाखा पछिल्लो समय देशैभरी विस्तार हुने क्रममा रहेको बताइएको छ।

# भिभोको नयाँ स्मार्टफोन नेपाली बजारमा सार्वजनिक

काठमाण्डु । भोले वाई सिरिजअन्तर्गत नयाँ स्मार्टफोन भिभो वाई१५सी मंगलबार नेपाली बजारमा सार्वजनिक गरेको छ।

सिमलेस अनुभवका लागि यो स्मार्टफोनमा ६.५१ इन्चको हेलो फुलभ्यु डिस्प्लेसहित 'आई प्रोटेक्सन' समावेश गरिएको छ।

यस फोनमा १३ मेगापिक्सेलको एआई डुअल क्यामेरा र २ मेगापिक्सेलको सुपर क्याक्रो क्यामेरा छ।

जसबाट उच्चस्तरीय फोटोग्राफीको अनुभव लिन सकिने कम्पनीको भनाइ छ। त्यस्तै सेल्फीका लागि यसमा ८ मेगापिक्सेलको फ्रन्ट क्यामेरा छ।

उक्त फोनमा लामो समयसम्म टिक्ने शक्तिशाली ब्याट्री वाई१५सी मा ५००० एमएएच ब्याट्री रहेको र यो दैनिक कार्यका लागि पर्याप्त हुने कम्पनीले बताएको छ।

यसलाई एक पटक पूर्ण चार्ज गरेपछि १८.७४ घण्टासम्म चलचित्र हेर्न वा ७.८९ घण्टा




गेम खेल्न सकिने कम्पनीको दाबी छ।

यसमा ५ भोल्टको रिभर्स चार्जिङ छ र पावर बैंकजस्ता अन्य उपकरण चार्ज गर्न प्रयोग गर्न सकिने कम्पनीले बताएको छ।

कम्पनीका अनुसार यसमा साइड-माउन्टेड फिंगरप्रिन्ट स्क्यानर, फेस एक्सेस, औरा स्क्रिन लाइट, मल्टी टर्बो ३.०, आईम्यानेजर, इजीसेयर लगायतका विशेषताहरू छन्।

फनटच ओएस १२ (एन्ड्रोइड १२) मा सञ्चालित फोन ३ जीबी ऱ्याम र ३२ जीबी रोममा उपलब्ध छ।

मिस्टिक ब्लू (निलो) र वेभ ग्रीन (हरियो) रङमा उपलब्ध यो फोनको मूल्य १७ हजार ९९९ रुपैयाँ कायम गरिएको छ।

# एनएमबी क्यापिटल पनि अब एनपिएसमा आबद्ध

काठमाण्डु । एनएमबी क्यापिटल र नेपाल क्लियरिङ हाउसबीच भुक्तानी प्रणालीहरू प्रयोग सम्बन्धी सम्झौता भएको छ।

अधिकृत दिपेश कुमार वैद्य र एनसीएचएलका तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत नीलेश मान सिंह प्रधानले हस्ताक्षर गरेका छन्।




कम्पनीले भुक्तानी सम्बन्धी कारोबारहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्था लागू गर्न दुई संस्थाबीच औपचारिक सम्झौता भएको हो।

सम्झौता पत्रमा एनएमबी क्यापिटलका तर्फबाट संस्थाका प्रमुख कार्यकारी

उक्त सम्झौता पछि एनएमबी क्यापिटलको आन्तरिक भुक्तानी प्रणालीलाईएनसीएचएलकोनेशनल पेमेन्ट इन्टरफेस (एनपिआई) सँग जोडी नेशनल पेमेन्ट स्वीच (एनपिएस) अन्तर्गतको विभिन्न भुक्तानी उपकरणहरू प्रयोग गर्न सकिने बताइएको छ।

**MADHESH PROVINCE GOVERMENT**
**MINISTRY OF SOCIAL DEVELOPMENT**
**PROVINCE HEALTH DIRECTORATE**

## Provincial Hospital
## Lahan, Siraha

## INVITATION FOR ELECTRONIC BIDS

**Contract Identification No: MP/PHL/NCB/GOODS-4/2079-80**

**First date of publication: 25 Shrawan, 2079 (10th August 2022)**

1. Ministry of Social Development, Provincial Hospital Lahan Siraha has allcocated funds to cover eligible payments under the Contracts for MP/PHL/NCB/GOODS-4/2079-80. Bidding is open to all eligible Bidders.
2. The Provincial Hospital Lahan, Siraha invites electronic bids from eligible bidders for the procurement, Delivery & Installation of Physiotherapy Equipment under National Competitive Bidding procedures specified inpublic procurement act and regulation.
3. Eligible bidders may obtain fur the information and inspect the bidding documents at the office of Provincial Hospital Lahan, Siraha, E-mail:lahanhospital584@gmail.com, may visit e-GP system www.bolpatra.gov.np/egp.
4. Bidding documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| Name of Bank: | Rastriya Banijya Bank, Siraha |
| Name of the Office: | Provincial Hospital Lahan, Siraha |
| Office Code No: | 3500016022 |
| Revenue Head No: | 14229 |
| Act No: | 1000200010000 |

5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Provincial Hospital Lahan, Siraha on or before12:00PM on 24 Bhadra 2079 (9th September 2022)
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend on14:00 on 24 Bhadra 2079 (9th September 2022) at office of Provincial Hospital Lahan, Siraha. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as per below Bank Voucher in the name of Financial Controller General Office, Siraha, Dharauti AccountNo: 2130100202030000 in Rastriya Banijya Bank Siraha, Office Code: 3500016022. The bid security shall be valid for minimum 30 days beyond the bid validity period.
7. The pre-bid meeting will be organised on 15th Bhadra, 2079 at Provincial Hospital Lahan, Siraha.
8. If the last date of the Bid submission and opening falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the bid validity and bid security validity shall reconized with effect from the original bid submission deadline.
9. The bid is in package and tender will be evaluation in package basis.

| S. N. | Contract Identification No. | Description of Items | Qty | Cost of Bidding document (NRs) | Amount of Bid security (NRs) |
|---|---|---|---|---|---|
| 1. | MP/PHL/NCB/GOODS-4/2079-80 | Procurement, Delivery and Installation of Physiotherapy Equipment | As per BOQ | 3000 | 1,25,000 |

